मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक १०४ | २०८० साल फागुन १८ गते शुक्रबार | Friday 01, March 2024 | सूर्योदय: बिहान ६:२९ बजे | सूर्यास्त: साँझ ६:०६ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## निमित्त निर्देशक बोलाइए सचिव पनि बोलाइने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिले स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निमित्त निर्देशक डा. मनीष पाण्डे र परामर्शदाता बन्दना मिश्रसँग बयान लिएको छ । बिहीबार समितिमा बोलाएर पाण्डे र मिश्रसँग सिरहा र सर्लाहीमा किन्न लागिएको सिटी स्क्यान मेसिन प्रकरणमा बयान लिइएको हो ।
समितिले पाण्डे र मिश्रलाई विवादित मेडिकल व्यवसायी विशाल पण्डितको 'हस्पिटेक'ले मात्र टेन्डर भर्न मिल्ने गरी किन टेन्डर भयो भनेर जिज्ञासा राखेको थियो । एउटा मात्र कम्पनीले फर्म भर्न मिल्ने गरी टेन्डर भएको भए यसलाई रोकेर सबैले प्रतिस्पर्धा गर्न मिल्ने बनाउन पनि भनिएको थियो । समितिको जिज्ञासामा पाण्डे र मिश्रले टालेटुले जवाफ दिएका थिए । उनीहरुको जवाफ चित्तबुझ्दो नभएपछि समितिले मधेश प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवसँग पनि सोधपुछको तयारी गरेको छ ।
यसअघि, विवादित मेडिकल सप्लायर विशाल पण्डितको सिटी स्क्यान टेण्डर प्रकरणमा सार्वजनिक लेखा समितिमा उजुरी दर्ता परेको थियो । मधेस प्रदेशको आपूर्ति व्यवस्थापन केन्द्रको टेन्डरमा पण्डितले सेटिङमा स्पेसलक गरेको भनेर प्रदेशसभा सार्वजनिक लेखा समितिमा छानबिनका लागि उजुरी परेको हो ।
केन्द्रले १२८ स्लाइस सिटी स्क्यान खरिद गर्न टेण्डर आह्वान गरेको थियो । टेण्डर खरिद ऐन विपरीत एउटै मात्र कम्पनीसँग मिल्नेगरी मापदण्ड बनाएको भन्दै सप्लायर नारायण कार्कीले मधेश प्रदेशसभा सार्वजनिक लेखा समितिमा उजुरी गरेका हुन् ।
फागुन १० गते टेन्डर आह्वान भएको हो । सूचना प्रकाशित हुनपूर्वनै पण्डितले कर्मचारीसँगको मिलेमतोमा आफू एजेन्ट रहेको फिलिप्स कम्पनीको फिचरसँग मिल्नेगरी मापदण्ड बनाउन लगाएको आरोप लागेको छ । त्यसका लागि पूर्वतयारी नै गरेर पण्डितले कर्मचारीलाई सरुवा समेत गराएका थिए ।
सर्लाही र सिरहामा 'रुमसहितको सिटी स्क्यान' जडानको लागि टेण्डर आह्वान भएको हो । प्रदेशका स्वास्थ्य मन्त्री विरेन्द्र सिंहको साथ र सहयोग पाएका विवादित व्यवसायी पण्डितले केन्द्रका तत्कालीन निमित्त निर्देशक नागेन्द्र यादव र बायोमेडिकल इन्जिनियर शैलेन्द्र यादवलाई सरुवा गराएका थिए । उनीहरुले पण्डित एजेन्ट रहेको कम्पनीसँग मात्रै मिल्नेगरी मापदण्ड बनाउन मानेका थिएनन् ।दुईवटा मेसिन र रुम सेटअपसहित बढीमा १० करोड रुपैयाँसम्म पर्ने देखिए पनि स्पेकलक गरेर दोब्बर लागत मूल्य राखेपछि सप्लायर नारायण कार्कीले यो विषय मिनी संसदको रुपमा रहेको सार्वजनिक लेखा समितिसम्म पुर्याएका हुन् ।कार्कीले यो प्रकरणको छानबिनका लागि मुख्यमन्त्री कार्यालयमा पनि उजुरी दिइसकेका छन् । उजुरीमा खरिद ऐन विपरीत स्पेकलक गर्न संलग्न कर्मचारीमाथि कारबाही माग गरिएको छ । यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, बर्दिबास, महोत्तरीमा पनि उजुरी दर्ता भएको छ ।

# मधेशदेखि केन्द्रसम्म पण्डितको कब्जामा मेडिकल कारोबार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कहिले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आफूअनुकुलका उपकुलपति ल्याउन मुख्यमन्त्रीलाई काठमाडौँमा पार्टी दिने त कहिले मधेश सरकारको स्वास्थ्य उपकरणमा आफूलाई मात्र टेन्डर पार्न सेटिङ गर्ने मेडिकल व्यवसायी विशाल पण्डितले काठमाडौँमा पनि सेटिङमा टेन्डर निकाल्न प्रयास गरेको खुलासा भएको छ । धादिङका पण्डित पछिल्लो समय काठमाडौँमा बसेरा होटलका सञ्चालक हुन् भने त्यही होटलमा उनले स्वास्थ्य क्षेत्रको टेन्डरका लागि शक्तिकेन्द्रलाई बैठक गराउने गरेका छन् । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति आफूअनुकुलको ल्याउन उनले मधेश प्रदेश सरकारका मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीलाई पनि काठमाडौँमा बैठक गरेका थिए भने पछिल्लो समय उनले फिलिप्स कम्पनीको १२ वर्ष पुरानो मोडलको सिटी स्क्यान मेसिन जडानका लागि आफूलाई मात्र टेन्डर पार्न गरेको चलखेल मधेशदृष्टि दैनिकले खुलासा गरेको थियो ।
मधेशमा आफूलाई मात्र टेन्डर पार्न चलखेल गर्ने शक्तिशाली मेडिकल व्यवसायी पण्डितले काठमाडौँमा पनि स्वास्थ्य सेवा विभागले अघि बढाएको एक्सरे मेसिन खरिद प्रक्रियामा अनियमितताका लागि सेटिङ गरेका छन् । झन्डै २५ करोड रुपैयाँ लागतअनुमानको टेन्डरमा 'सेटिङ' गरेको आरोप लागेको हो । सीमित फर्मले मात्र प्रतिस्पर्धा गर्न पाउने शर्त राखेर मिलेमतोमा स्पेसिफिकेसन तयार पारेको र यसमा पण्डितको संलग्नता पाइएको हो । पण्डितको बदमासीबारे एक आपूर्तिकर्ताले भने, 'एलेन्जर कम्पनीको एक्सरे मेसिन र केयरस्ट्रिम कम्पनीको डिजिटल रेडियोग्राफी (डिआर) मेसिनले मात्र ठेक्का पाउने गरी स्पेकलक गरिएको छ, अन्य कतिपय शर्त यस्ता राखिएका छन्, जसका कारण विशाल पण्डित आसपासका बाहेक धेरैजसो आपूर्तिकर्ताले प्रतिस्पर्धामा भाग नै लिन पाउँदैनन् ।'
स्वास्थ्य सेवा विभागले माग गरेको एलेन्जर एक्सरे मेसिन आपूर्तिकर्ता नेसनल इलेक्ट्रोटेक (नेट)का सञ्चालक उमेश शर्मा हुन् । त्यसैगरी डिआरका लागि हस्पिटेक इन्टरप्राइजेज आपूर्तिकर्ता हो । हस्पिटेकका सञ्चालक विशाल पण्डित हुन् । पण्डितको हस्पिटेक र शर्माको नेटको संयुक्त जेभीले मात्र ठेक्का पाउनेगरी स्पेक लक भएको पाइएको छ ।
शर्माले भने ठेक्का नहाल्ने बताए पनि नेपालमा एलेन्जर कम्पनीको उनी नै प्रतिनिधि भएकाले अन्य कम्पनीलाई अख्तियारी दिएर जेभीमा ठेक्का भर्नेगरी मिलेमतो गरिएको छ र यसको नेतृत्व पण्डितले नै गर्न खोजेको पाइएको छ । विभागले तयार पारेको स्पेसिफिकेसनमा एक्सरे मेसिनका लागि अमेरिकन स्ट्यान्डर्ड (एफडिए) राखिएको छैन ।
स्वास्थ्य सेवा विभागले माघ ४ गते ठेक्काको सूचना प्रकाशन गरेको थियो । फागुन ४ गते प्रि–बिड तोकिएको थियो । फागुन २० गतेसम्म ठेक्काको म्याद छ । ठेक्काको धरौटी रकम अमेरिकन डलर ६५ हजार तथा ६५ लाख नेपाली रुपैयाँ तोकिएको छ । विभाग स्रोतका अनुसार स्पेक लक गर्ने काममा सुरेन्द्र प्रसाद चौरसिया र बायोमेडिकल इन्जिनियर पद्मा मिश्रा हुन् । मिश्रा विभागका कर्मचारी नै होइनन् ।
मधेशमा पनि पछिल्लो समय पण्डितले स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपलकुपति आफूअनुकुल नियुक्तिका लागि दौडधूप गरेका थिए । यसका लागि उनले ५ करोड रुपैयाँसम्म खर्च गर्न तयार भएको बताएको समाचार बाहिरिइसकेको छ ।
पछिल्लो समय उनले सिरहा र सर्लाहीमा जडान गर्न लागेको रुमसहितको सिटी स्क्यान मेसिन प्रकरणमा आफूलाई मात्र मिल्ने गरी स्पेसलक सेटिङ गरेका थिए ।
यो काममा ८ करोड रुपैयाँ मुनाफा हुने र सबैलाई चित्त बुझाउनसक्ने उनको योजना थियो । पण्डितलाई मात्र टेन्डर पर्न सक्ने गरी टेन्डर भएको विरोधमा आवाज उठाउने मेडिकल व्यवसायीहरुलाई पण्डितका साझेदारहरुले काठमाडौँमा 'सहयोग' मागिरहेको स्रोतको दाबी छ । स्रोतले भन्यो, '८ करोड रुपैयाँ नाफा हुने केस हो, सहयोग गर्नुहोस्, अरु केसमा हामी सहयोग गर्छौँ ।' स्रोतका अनुसार, पण्डितले साझेदारहरुलाई मुख्यमन्त्री सरोजकुमार यादव र स्वास्थ्यमन्त्री वीरेन्द्र सिंहसँग सेटिङ भइसकेका बताएका छन् । साझेदारहरुले यो काममा बाधा नपु¥याउन पटकपटक विरोध गरिरहेका मेडिकल व्यवसायीहरुसँग वार्ता गरेका थिए ।

## राष्ट्रिय सभामा मधेशमा पानीको मुद्दा उठान



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय सभामा तराई–मधेशमा पिउने पानी तथा सिँचाइ अभावका कारण जनता प्रभावित भएको विषय उठान भएको छ । शून्य समयको बैठकमा सांसदहरुले मधेशमा पिउने पानी र सिँचाइको समस्याबारे विषय उठाएका हुन् ।
सांसद तुलसाकुमारी दाहालले मधेशका जनतालाई शुद्ध पिउने पानीको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन् ।
उनले चुरेको दोहन रोकेर संरक्षण गर्न, मधेशका जलाशय संरक्षण गर्न तथा अन्न भण्डारको क्षेत्र रहेको मधेशमा सिँचाइको व्यवस्था मिलाउन सरकारसँग आग्रह गरिन् । सांसद् जगप्रसाद शर्माले विनियोजित बजेट खर्च नहुने प्रवृत्तिको अन्त्य हुनुपर्ने उल्लेख गर्दै समस्याको समाधान खोज्न सरकारको ध्यानाकर्षण गराए ।सांसद तारामान स्वाँरले सुदूरपश्चिमको विकास र अर्थतन्त्रको मेदरुदण्डमा रहेका सेती र महाकाली लोकमार्ग निर्माणलाई तीव्र बनाउन तथा आगामी आर्थिक वर्षका लागि बजेटको सुनिश्चितता गराउन माग गरे ।
सांसद बिमला घिमिरेले मिटरव्याज पीडित तथा किसानका माग तत्काल पूरा गर्न सरकारको ध्यानाकर्षण गराइन् ।

## मधेशदृष्टिका अध्यक्ष साह सम्मानित




**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशले मधेशदृष्टि राष्ट्रिय दैनिक, रेडियो वीरगंज र टिभी वीरगंजका कार्यकारी अध्यक्ष धुव्र साहसहित चार जनालाई सम्मान गरेको छ । बिहीबार बर्दिबासमा आयोजित पाँचौँ प्रदेशसभामा अध्यक्ष साहसहित चार जना सम्मानित भएका हुन् ।
मधेश प्रदेशको आर्थिक विकास र उद्योग वाणिज्य महासंघको हरेक गतिविधिमा समेत सहकार्य गरी पत्रकारिताको माध्यमबाट योगदान गरेको भन्दै दोसल्ला र कदर पत्रसहित चारजनालाई सम्मान गरिएको हो । अध्यक्ष साहसहित कारोबार दैनिकका निरज पिठाकोटे, आर्थिक अभियान दैनिकका संवाददाता ओमप्रकाश खनाल र कान्तिपुर टेलिभिजनका उपेन्द्र ठाकुर सम्मानित भएका हुन् । सम्मानित चारै जनालाई मधेश प्रदेश अध्यक्ष अशोक टेमानीले दोसल्ला ओढाएर कदरपत्रसहित सम्मान गरे ।
महासंघ मधेश प्रदेश अध्यक्ष टेमानीको अध्यक्षतामा भएको प्रदेशसभाको उद्घाटन नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष सुरकृष्ण वैद्यले गरेका थिए । कार्यक्रममा अध्यक्ष वैद्यले महासंघले संगठनलाई थप बलियो बनाउन विधान संशोधन गरिएको जानकारी दिए । कार्यक्रममा उपाध्यक्ष हेमराज ढकाल, केन्द्रीय सदस्य सुबोध गुप्ता, गणेश लाठ, अरूण प्रधान, हरि गौतमलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।



# सरकारको कामप्रति प्रधानमन्त्री नै असन्तुष्ट



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जिम्मेवारी पन्छाएर राज्यलाई क्षति भए सोही व्यक्तिलाई क्षतिपूर्ति भराउने प्रणाली आवश्यक भएको बताएका छन् । चालु आवको नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन समीक्षा बैठकमा बिहीबार प्रधानमन्त्री दाहालले निर्णय नलिएकै र पन्छाएकै कारणबाट मुलुकलाई कति हानी–नोक्सानी वा क्षति हुनसक्छ भन्ने मूल्याङ्कन गर्ने प्रणाली स्थापित गर्नुपर्ने बताए । 'पछिल्लो समयमा प्रशासनयन्त्रमा काम गरे कारबाही भोग्नुपर्ने तर, कामै नगरे बच्न सकिने मनसाय बढ्दै गएको देखिन्छ', प्रधानमन्त्री दाहालले भने, 'अब यसको गम्भीर समीक्षा गर्नुपर्ने बेला भइसकेको छ ।

यसको असर अन्ततः हाम्रा उपलब्धि र राजनीतिक व्यवस्थाको रक्षा र विकासमा पर्छ भन्ने हेक्का राख्नु जरूरी छ ।' सबैभन्दा ठूलो चुनौती समयमै निर्णय नगर्ने, निर्णय पन्छाउने र अन्तरनिकाय समन्वयमा आवश्यक पहल नलिने प्रवृत्ति देखिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले नियमबमोजिम गतिशील र सिर्जनशील निर्वाह गर्नुपर्नेमा जोड दिए । 'मैले बारम्बार जोड दिँदै आएको छु, प्रचलित ऐन, नियमको परिधिभित्र रही निर्णय गर्न कसैले हिच्काउनु हुँदैन र पर्दैन पनि', प्रधानमन्त्रीले भने, 'कुनै पनि सार्वजनिक पदाधिकारीले असल नियतले गरेको निर्णयको बचावट गर्न र त्यस्तो कर्मचारीको संरक्षण गर्न म सदैव प्रतिबद्ध छु । तसर्थ सोहीबमोजिम गतिशील र सिर्जनशील भूमिका निर्वाह गर्न तत्पर रहनुहोला ।'

तोकिएका लक्ष्य हासिल नहुनुका पछाडिका कारण र समस्यालाई पहिचान गरी तत्काल सुधारकार्य अघि बढाउन आग्रह गर्दै प्रधानमन्त्री दाहालले समग्र प्रशासनिक संयन्त्रको कार्यान्वयन क्षमता बढाई अपेक्षित नतिजा निर्धारित समयमै हासिल गर्नुपर्ने बताए । उनले आम नागरिकलाई उपलब्ध गराउने सार्वजनिक सेवा छिटोछरितो, गुणस्तरीय र लागत किफायती हुने किसिमले प्रवाह गर्न निर्देशन दिए ।

किटान गरेको लक्ष्यअनुसार उपलब्धि किन हासिल हुन सकेन भन्ने अहिलेसम्म पनि चित्तबुझ्दो जवाफ नआएको भन्दै प्रधानमन्त्री दाहालले बजेट अभाव भएको, तयारी नपुगेको, जनशक्ति नपुगेको, कानुनी समस्या देखाएर कामबाट सधैँ नै अड्किने र पन्छिने परम्पराले कहिलेसम्म निरन्तरता पाउने हो भनी प्रश्न गरे ।

'नीति तथा कार्यक्रम, बजेट र कार्यक्रमबीच तादम्यता नमिल्दा परिणाम आइरहेको छैन', प्रधानमन्त्री दाहालले भने, 'मन्त्रालयहरू तथा अन्य निकायले निर्धारित वार्षिक लक्ष्य र सूचकअनुसार कार्यसम्पादन पूरा गर्नु नपर्ने र राजनीतिक र प्रशासनिक नेतृत्वहरू निर्णय लिन हिच्किचाउने प्रवृत्ति मौलाउँदै जानु सकारात्मक सन्देश होइन ।' मन्त्रालयगत कार्यसम्पादनस्तरको आँकडा हेर्दा बढी पुँजीगत खर्च गर्ने र विकास निर्माणसँग सम्बन्धित मन्त्रालयहरूको प्रगति स्थिति कमजोर हुनुले पुँजी निर्माणको स्थिति कमजोर देखाएको उल्लेख गर्दै प्रधानमन्त्रीले प्रगति समीक्षाबाट देखिएको नतिजाले गम्भीर बनाएको र यसले परम्परागत कार्यशैलीमा परिवर्तन गर्नैपर्ने अनिवार्य भएको बताए । आफैँले तय गरेका लक्ष्य कार्यान्वयन नभएको उल्लेख गर्दै प्रधानमन्त्रीले दाहालले चाहेको परिणाम प्राप्तिका लागि प्रक्षेपण क्षमता, प्राथमिकता निर्धारण, स्रोत परिचालन र खर्च गर्ने क्षमता सधैँ नै कमजोर रहने हो त भन्ने आशङ्का पैदा भएको बताए ।

'यी लक्ष्यहरू सबै मन्त्रालय र निकायले आफैँ तय गरिएका हुन् । लक्ष्य हामी आफैँले निर्धारण गर्ने तर कार्यान्वयनमा हामीले लक्ष्यअनुरूप प्रगति हासिल गर्न नसक्नुका कारण के हुन् ? प्रधानमन्त्रीले प्रश्न गरे, 'हामीले तयार गर्ने योजना, कार्यक्रम, बजेट विन्यास र सोको कार्यान्वयनका विषयमा गम्भीर समीक्षा गर्नैपर्छ । यसो नगरी हाम्रो समीक्षा पनि परम्पराभन्दा माथि उठ्न सक्दैन ।' पुँजीगत खर्चको वृद्धि एवं विकास आयोजना र कार्यक्रमहरूको व्यवधानरहित सञ्चालनका लागि अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालयले संयुक्तरूपमा थप प्रयास गर्न आवश्यक रहेको उनले उल्लेख गरे । प्रधानमन्त्री प्रचण्डले मातहतका आयोजनाको प्रभावकारी कार्यान्वयनमा पूर्ण उत्तरदायित्व वहन गर्दै नतिजा हासिल हुनेगरी कार्यसम्पादन गर्न निर्देश निर्देशन दिए ।

# 'गठबन्धनमा समस्या छैन'



**रासस**
**चितवन ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले अहिलेको गठबन्धनमा कुनै समस्या नभएको बताएका छन् । यहाँ बिहीबर पत्रकारसँग कुराकानी गर्दै अध्यक्ष नेपालले भने, 'गठबन्धनमा त्यस्तो कुनै प्रश्न खडा भएको छैन । गठबन्धन धर्मराएको पनि छैन । बलियो जगमा उभिएको छ ।' धेरै राजनीतिक दल गठबन्धनमा रहेकाले सामान्य समसया आउने उल्लेख गर्दै अध्यक्ष नेपालले ती समस्याको समाधान खोजिने बताए ।

देखिएका समस्याको छलफलबाट उपाय निकालिने उनको भनाइ थियो । नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र आफ्नो पाटीको बैठक बसेको तथा बिचारहरु आएको उल्लेख गर्दै उनले बिचारको आधारमा कुन ढङ्गले अघि बढ्छन् त्यो हेर्न बाँकी रहेको बताए । गठबन्धनमा देखिएका दरारलाई समाधान गर्दै अघि बढ्ने अध्यक्ष नेपालको भनाइ थियो ।

त्यस्तै, नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अहिलेको गठबन्धनलाई राम्रोसँग लैजान आफूहरु प्रतिबद्ध रहेको बताएका छन् । चितवनमा पत्रकारहरुसँग कुराकानी गर्दै उनले गठबन्धनलाई राम्रोसँग लैजाने कुरामा आफू प्रतिबद्ध रहेको बताउँदै भने, 'गठबन्धन राम्रैसँग गइराखेको थियो, राम्रैसँग लाने कुरामा हामी प्रतिबद्ध थियौँ र छौँ पनि ।' नेपाली कांग्रेसको हालै सम्पन्न महासमितिको बैठकले पनि केही चिज नयाँ हामीलाई आवश्यक नभएका कुराहरु उठेको भन्दै उनले यस विषयमा छलफल हुने बताए ।

बृहत् शान्ति सम्झौताको हस्ताक्षरकर्ता पार्टी भएकाले उठाउनु नपर्ने विषय उठेको गुनासो आएको भन्दै प्रधानमन्त्री दाहालले यस विषयमा छलफलबाट मात्रै टुङ्गो लाग्ने बताए । आफूले राष्ट्रियसभामा कृष्णप्रसाद सिटौला जस्ता व्यक्ति आउनुपर्छ त्यसमा केही फरक हुन्छ भनेको भए पनि अहिले वातावरण परिवर्तन भएको प्रधानमन्त्रीले बताए । उनले भने, 'यो विषयमा ठोस निर्णय भएको छैन । छलफल चलेको छ ।' पार्टीको बैठकले राष्ट्रियसभाको अध्यक्ष छोड्नु हुँदैन भनेको उनले बताए । उनले भने, 'औपचारिकरुपमा लिखित निर्णय भएको छैन ।' कोशीमा माओवादी केन्द्रको उम्मेदवार पराजित हुने स्थिति कांग्रेसका कारण भएको भन्दै उनले पार्टीका नेता तथा कार्यकर्ताहरु आक्रोशित भएको बताए । फरक प्रसङ्गमा प्रधानमन्त्रीले चितवनबासीका लागि गौतमबुद्ध अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला र भरतपुर विमानस्थल निर्माणको कुरा सुखद रहेको बताए । तीन वर्षदेखि बन्न नसकेको रङ्गशाला निर्माणका लागि सङ्घीय सरकारले नीतिगत निर्णय गरेर बाटो खुलाएको बताए ।

आफूहरुले पहिलादेखि नै सोचेको सपना पूरा हुन लागेको उनको भनाइ थियो ।

# उपराष्ट्रपति यादवसँग बंलादेशका राजदूतबीच भेट



**रासस**
**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवसँग नेपालका लागि बङ्गलादेशका राजदूत सलाउद्दिन नोमान चौधरीले शिष्टाचार भेट गरेका छन् । उपराष्ट्रपतिको कार्यालयमा बिहीबार अपराह्न भएको भेटमा दुई मुलुकबीचको सम्बन्ध, व्यापार, पर्यटन, विद्युत्लगायत पारस्परिक हित र चासोका विविध विषयमा छलफल भएको थियो । उपराष्ट्रपतिको निजी सचिवालयका अनुसार दुई देशबीचको व्यापारको मात्रा बढ्दै गएकोमा खुसी व्यक्त गर्दै उपराष्ट्रपतिले व्यापार विस्तार एवं विविधीकरण गर्ने प्रचुर सम्भावना रहेको बताए । 'तेस्रो देशसँगको व्यापारका लागि चटगाउँ र मोङ्ला बन्दरगाह हुँदै नेपाललाई पारवहन सुविधा उपलब्ध गराएकामा बङ्गलादेश सरकारलाई धन्यवाद दिन चाहन्छु' उनले भने, 'रोहनपुर–सिंहाबाद रेलमार्गको शीघ्र सञ्चालन गरी यी समुद्री बन्दरगाहबाट पारवहन सहयोग प्रवद्र्धन गर्न महत्वपूर्ण हुनेछ ।'

उपराष्ट्रपति यादवले नेपालको जलविद्युत् क्षमता र बङ्गलादेशको बढ्दो ऊर्जा आवश्यकताले दुई देशबीच ऊर्जा सहयोग अभिवृद्धि गर्ने पर्याप्त अवसरहरू प्रदान गरेको बताए । 'सन् २०१८ मा नेपाल र बङ्गलादेशबीच विद्युत् सहयोगसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर हुनु ऊर्जा क्षेत्रमा द्विपक्षीय सहयोगलाई सुदृढ पार्ने महत्वपूर्ण कोसेढुङ्गा हो', उनले भने, 'बङ्गलादेश सरकारले हालै भारतको पावर ग्रिड प्रयोग गरेर नेपालबाट ४० मेगावाट बिजुली खरिद गर्न स्वीकृत गरेकामा हामी खुसी छौं ।' उनले ऊर्जा क्षेत्रमा बङ्गलादेशको लगानीलाई नेपालले स्वागत गरेको जनाउँदै नेपालको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाबाट ५०० मेगावाट बिजुली आयात गर्न बङ्गलादेश र भारतको जीएमआरबीच भइरहेको वार्ता र सुनकोशी–३ आयोजनामा संयुक्त लगानीसम्बन्धी बङ्गलादेशको प्रस्ताव उत्साहजनक रहेको बताए ।

'म विश्वस्त छु कि यी परियोजनाहरूको कार्यान्वयन नेपाल र बङ्गलादेश दुवैका लागि पारस्परिक रूपमा लाभदायक हुनेछ' उनले भने, 'नेपाल र बङ्गलादेशमा प्राकृतिक सौन्दर्य, समृद्ध सभ्यता र सांस्कृतिक सम्पदा, साहसिक खेलकुद र जैविक विविधता देखाउने लोकप्रिय धेरै पर्यटकीय गन्तव्य छन् ।

बङ्गलादेश नेपालका लागि पर्यटकको महत्वपूर्ण स्रोत देश पनि हो । म हाम्रा दुई देशबीच सांस्कृतिक सहयोग र जनताबीचका सम्पर्क प्रवर्द्धन गर्न जनवरी १९७८ मा भएको सांस्कृतिक सम्झौताको स्मरण गर्न चाहन्छु' नेपाल र बङ्गलादेशबीच घनिष्ट सांस्कृतिक सम्बन्ध र जनस्तरका सम्पर्कहरू रहेको बताउँदै उपराष्ट्रपति यादवले भने, 'सन् १९७६ अप्रिलमा हाम्रा दुई देशबीच हस्ताक्षर भएको प्राविधिक सहयोग सम्झौताअन्तर्गत नेपाली विद्यार्थीहरूलाई वार्षिक २२ छात्रवृत्ति (१९ एमबीबीएस र ३ बीडीएस) उपलब्ध गराएकोमा म बङ्गलादेश सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।'

उपराष्ट्रपति यादवले नेपाल र बङ्गलादेशले सार्क, बिमस्टेक, संयुक्त राष्ट्र सङ्घ, असंलग्न आन्दोलन, जी ७७ र चीनलगायत क्षेत्रीय तथा अन्तरराष्ट्रिय मञ्चहरूमा पारस्परिक हितका विषयमा सहकार्य गर्दै आएकोमा खुसी व्यक्त गरे । 'हाम्रा दुई देशले संयुक्त राष्ट्रसङ्घ र विभिन्न अन्तरराष्ट्रिय संस्थाहरूमा एकअर्काको उम्मेदवारीलाई समर्थन गरिरहेका छन् । आगामी दिनमा पनि यो सहकार्य जारी रहने विश्वास लिएको छु' उनले भने, 'एक मित्रराष्ट्रका नाताले नेपालले बङ्गलादेशसँगको सम्बन्धलाई उच्च महत्व दिन्छ । आगामी दिनहरूमा हाम्रा दुई देश र जनताबीचको सम्बन्ध अझ प्रगाढ हुनेमा म विश्वस्त छु ।' राजदूत चौधरीले नेपाल र बङ्गलादेशबीचको सम्बन्ध व्यापार, पर्यटन, शिक्षा र ऊर्जालगायत क्षेत्रमा आधारित रहेको उल्लेख गर्दै हरेक वर्ष तीस हजार बङ्गलादेशी पर्यटक नेपाल आउने गरेका बताए । बङ्गलादेशले नेपाली विद्यार्थीका लागि चिकित्सा शास्त्रलगायत विषयमा छात्रवृत्ति उपलब्ध गराउँदै आएको उल्लेख गर्दै उनले भने, 'हरेक वर्ष छात्रवृत्तिसँगै आफ्नै खर्चमा पाँच सय देखि छ सय विद्यार्थी बङ्गलादेशमा एमबीबीएस गर्न जान्छन् । हाल बङ्गलादेशमा चार हजारदेखि पाँच हजार नेपाली विद्यार्थी अध्ययनरत छन् ।' राजदूत चौधरीले हाल नेपाल र बङ्गलादेशबीच १० करोड अमेरिकी डलरको व्यापार हुनेगरेको जनाउँदै ४० मेगावाट विद्युत्का लागि दुई देशबीच केही दिनभित्रै सम्झौता हुने बताए ।

# नेकपा एसले महाधिवेशनमा एउटै दस्तावेजमा छलफल गर्ने

**रासस**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले आसन्न १०औँ राष्ट्रिय महाधिवेशनमा वैचारिक छलफलका लागि एउटै दस्तावेज प्रस्तुत निर्णय गरेको छ । पार्टी अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बिहीबार सम्पन्न मस्यौदा समितिको बैठकमा पार्टीलाई अझ सुदृढ तथा एकीकृत गर्न एउटै दस्तावेज छलफलमा लैजाने सर्व सम्मतिले निर्णय गरिएको केन्द्रीय प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । अब केही नेताहरू बीचका वैचारिक मतभिन्नतालाई पनि एउटै दस्तावेजमा समावेश गरी राष्ट्रिय महाधिवेशनमा छलफल गरिने छ ।

यही फागुन १५ गतेदेखि आजसम्म केन्द्रीय कार्यालयमा भएको बैठकमा पार्टीको समाजवादी कार्यक्रमको सैद्धान्तिक दृष्टिकोण, सङ्गठनात्मक कार्यदिशाबारे गहन छलफल भएको थियो । देशको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राख्दै विविधताबीचको एकता र सद्भाव प्रवर्द्धनलाई दस्तावेजमा समेटिने प्रचार विभाग प्रमुख खतिवडाले बताए । महाधिवेशनमा विधान सम्मेलनमा पारित प्रतिवेदन, राजनीतिक, आर्थिकलगायत प्रतिवेदनमा थप छलफल गरिने छ । मस्यौदामा सुझाव सङ्कलन गर्न जिल्ला तहका कार्यकर्तालाई मस्यौदा पठाइसकिएको छ । उनीहरूका सुझाव समावेश गरी तयार गरिने दस्तावेजमा पार्टीको आदर्श, वैचारिक दृष्टिकोण, कार्यदिशा, आगामी दिनमा सञ्चालन गरिने राजनीतिक गतिविधि, कार्ययोजना, राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिकासमावेश गरिने छ । दस्तावेज तयारीका लागि पार्टीले अध्यक्ष नेपालको नेतृत्वमा २७ सदस्यीय समिति गठन गरेको थियो ।

# छिमेकी मुलुकसँगको सम्बन्ध प्राथमिकतामाः परराष्ट्रमन्त्री



**रासस**
**काठमाडौँ ।**
परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले छिमेकी मुलुकसँगको सम्बन्ध सधैँ प्राथमिकतामा रहेको उल्लेख गर्दै पारस्परिक विश्वास र सम्मानका आधारमा छिमेकीहरूसँग मैत्रीपूर्ण, सौहार्द्रपूर्ण र सहयोगात्मक सम्बन्ध रहेको बताएका छन् । नेपाल विश्व सम्बन्ध परिषद्को ७६औँ वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित समारोहमा उनले नेपालको परराष्ट्र नीति नेपालको संविधान, संयुक्त राष्ट्रसङ्घको बडापत्र, असंलग्नता, पञ्चशीलका सिद्धान्त, अन्तरराष्ट्रिय कानुन र विश्व शान्तिको मान्यताका आधारमा सञ्चालित रहेको उल्लेख गरे । उनले भने, 'शान्ति र अहिंसाका प्रवर्तक बुद्धको जन्मभूमि नेपालले विश्व शान्तिको मान्यतालाई आफ्नो परराष्ट्र नीतिको आधारभूत आधार मानेको छ । कुनै पनि विवादलाई वार्ता र शान्तिपूर्ण माध्यमबाट समाधान गर्नुपर्छ भन्ने हाम्रो दृढ विश्वास छ ।'

सो अवसरमा मन्त्री साउदले परिषद्ले विश्व मामिला र परराष्ट्र नीतिका विषयमा गुणस्तरीय प्रवचन र समृद्ध विचारविमर्शको परम्परालाई निरन्तरता दिन सकोस् भनी शुभकामना दिए ।

परिषद्का अध्यक्ष हेमन्त खरेलले संस्थाका गतिविधिबारे जानकारी गराउँदै परिषद्ले विगतदेखि नै विषयविज्ञ, प्राज्ञ, व्यावसायिकविज्ञ, राजनीतिज्ञ र कूटनीतिज्ञहरूबीच अन्तरक्रिया, बहस, छलफलका लागि मञ्च प्रदान गर्दै आएको उल्लेख गरे । उनले यसले नेपालको नीति निर्माण प्रक्रियाको गुणस्तर र प्रभावकारिता बढाउनमा योगदान पुग्ने विश्वास व्यक्त गरे । विकासका लागि साझेदारी विश्वव्यापी क्षेत्रको प्रमुख एजेन्डा भएको बताउँदै अध्यक्ष खरेलले नेपाल सरकार र विकास साझेदारहरूसँगको सामाजिक–आर्थिक सहयोगलगायत अन्तरराष्ट्रिय सम्बन्धलाई प्रवद्र्धन र सुदृढ बनाउने सम्बन्ध परिषद् अग्रणी संस्था भएको उल्लेख गरे ।



# मोही खुवाएर आन्दोलनमा दूध उत्पादक किसान




**मधेशृष्टि**
**सप्तरी ।**
सप्तरीका किसानले दुध बिक्री वापतको बक्यौता रकम भुक्तानीसहितको विभिन्न ११ सूत्रीय माग राखेर आन्दोलन गरेका छन् । बिहीबार दूध उत्पादक किसानहरूले पूर्वपश्चिम राजमार्गमा मोही खुवाएर आन्दोलन गरेका हुन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत सप्तरीको महुली सडकखण्डमा बिहीबार एक घण्टा चक्काजाम गर्दै दूध बिक्री वापतको रकम पाउनुपर्ने भन्दै मोही बाडेर आन्दोलन गरेका हुन् । दूध वापतको करौडो रुपैयाँ भुक्तानी गर्नुपर्ने, भारतबाट अवैध रुपमा भित्रिने गरेको दूध तथा दूधजन्य पर्दाथमा रोक लगाउनुपर्ने, दूधको मूल्यमा एकरूपता ल्याउनुपर्ने लगायतका विभिन्न माग राखेर उनीहरु आन्दोलनमा उत्रेका हुन् ।
दूधको ट्याङ्करलाई सडकमै तेर्स्याएर अवरोध गरेपछि दिउँसो १२ बजेदेखि दिउसो १ बजेसम्म राजमार्गको आवागमन पूर्णरुपमा ठप्प बनेको थियो ।
दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध किसानहरूले यस अघि घोषणा गरेको सडकमै दुध पोखेर विरोध गर्ने कार्यक्रम परिवर्तन गरी चक्का जामका कारण रोकिएका सवारी सधानका यात्रुलाई दूधको गोरख बनाएर खुवाए । दूधलाई पोखेर नष्ट गर्नुभन्दा अरुलाई निःशुल्क खुवाउनु नै उचित हुने भनी दूग्ध उत्पादक किसानहरूको सुझाव आएपछि सडकमा दूध पोख्ने कार्यक्रम परिवर्तन गरिएको संघर्ष समितिका संयोजक दिपेन्द्र कुमार आर्चायले बताए ।
सडकमै नाचगान गरेर विरोध जनाएका किसानहरुले दूधको बाँकी बक्यौता भुक्तानी गर, दूधको मूल्यमा एकरूपता कायम गर, कृषिमा विचौलियाको अन्त्य गर, भारतीय दूधको प्रवेशमा रोक लगाउ, स्वदेशी उत्पादकलाई प्रोत्साहन गर लगायतका नारा अंकित प्लेकार्डसहित नाराबाजी गरेका थिए । दूग्ध उत्पादक सहकारी संघ, सप्तरीको अगुवाइमा किसानले जिल्लाको अग्नि साइर कृष्णसवरण गाउँपालिकास्थित महुलीमा बसका यात्रुसहित उपस्थित भएका सबैलाई मोही पिलाएर आन्दोलन गरे । यसअघि दुग्ध उत्पादक संघले प्रमुख जिल्ला अधिकारी किरण थापालाई ज्ञापनपत्र बुझाउँदै भुक्तानी दिलाइ दिन माग गरेका थिए ।
दुग्ध उत्पादक सहकारी संघले पछिल्लो साउनदेखि पुस मसान्तसम्म एक अर्ब ४३ करोड ९९ लाख २३ हजारको दुधजन्य पदार्थ आयात भएको देखिँदा सो पूर्ण बन्द गराई स्टकमा रहेका दुधजन्य पदार्थलाई अन्तर्राष्ट्रिय बजारमा अविलम्ब बिक्री गर्ने व्यवस्था मिलाउन माग गरेको छ । दूग्ध किसानलाई सहुलियत कृषि कर्जामा एवं रोकिएको व्याज कृषि अनुदान कार्यक्रम उपलब्ध गराउन, प्रतिलिटर दूधमा कम्तीमा १० रुपैयाँ सबै पालिकामा सबै किसानले पाउने गरी लागू गराउन, पशु आहारा, पशु औषधिसहित पशु पालनसँग सम्बन्धित वस्तुका मूल्य राज्यबाट अविलम्ब नियन्त्रण गर्न ज्ञापनपत्रमार्फत उनीहरूले माग गरेका थिए ।

**रौतहटमा पनि किसान आन्दोलित**
रौतहटको चन्द्रनिगाहपुरमा लामो समयदेखि आफूले दूध बेचेको पैसा नपाएपछि दूध उत्पादक किसानहरूले आन्दोलित बनेका छन् । उनीहरुले बिहीबार पूर्व–पश्चिम राजमार्गमा दुई घण्टाको लागि बन्द गरेर प्रदर्शन गरेका हुन् । नेपाल सरकारको स्वामित्वमा रहेको डिडिसीले रौतहटका दूध उत्पादक किसानको हालसम्मको करिब ७ करोड रुपैयाँ तिर्न बाँकी रहेको किसानहरुको भनाइ छ ।
गत भदौको दोश्रो सातादेखि फागुन १५ गतेसम्मको कूल भुक्तानी देशभरका किसानहरुको करिब ७ अर्ब रुपैयाँ डिडिसिले समयमै भुक्तानी नगरेपछि दूध उत्पादक किसानहरूले आन्दोलनका कार्यक्रम तय गरी पूर्व–पश्चिम राजमार्गस्थित चन्द्रनिगाहपुर मुख्य सडकखण्डमा दुई घण्टाको लागि चक्काजाम गरेका हुन् । दूध उत्पादक जिल्ला संघ रौतहटका अध्यक्ष कृष्णप्रसाद अधिकारीले सम्बन्धित निकायको ध्यानाकर्षण गराउन दूध उत्पादक किसानहरूले पूर्वपश्चिम महेन्द्र राजमार्गको चन्द्रनिगाहापुरमा चक्काजाम गर्नुपरेको बताए ।

# मधेश प्रज्ञा प्रतिष्ठानको स्थापना दिवस



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारद्धारा स्थापित मधेश प्रज्ञा प्रतिष्ठानले पहिलो स्थापना दिवस मनाएको छ । प्रथम वार्षिकोत्सव पारेर महेन्द्रनारायण निधि मिथिला संस्कृति केन्द्रमा गरिएको कार्यक्रममा मिथिला पेन्टिङ, मूर्तिकला तथा परम्परागत गीतको संरक्षण तथा प्रवद्र्धनमा विशेष योगदान दिने तीन स्रष्टालाई दोसल्ला ओढाएर सम्मान गरिएको छ ।
मिथिला चित्रकलातर्फ जनकपुरधाम–३ का मिथिलेश्वरी देवी कर्ण, मूर्तिकलातर्फ धनुषा, धनौजी गाउँपालिकाका प्रसिद्ध मूर्तिकार योगेन्द्र पण्डित र लोक गायनतर्फ सप्तरी, छिन्नमस्ता गाउँपालिकाको वीरपुरका लोक गायक विष्णु यादव सम्मानित भएका हुन् । कार्यक्रममा मैथिली, थारु, तामाङ भेषभूषासहितको गीत प्रदर्शन गरिएको थियो । त्रैमासिक प्रज्ञा दर्पण पनि लोकार्पण गरिएको थियो । कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी चक्रपाणि पाण्डेले कला, साहित्य, संस्कृति र संस्कारको संरक्षणमा प्रतिष्ठानले खरो रुपमा काम गर्न जरुरी रहेको बताए । प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले प्रतिष्ठानले यस क्षेत्रका ६ वटा विधा संरक्षणका साथै अनुसन्धान तथा खोजको काम अगाडि बढाइरहेको बताए ।

# कवाड व्यवसायीलाई प्रभुको साथ



**सञ्जय मिश्रा**
**रौतहट ।**
आमजनता पार्टीको आयोजनामा काठमाडौँ महानगरपालिकाद्धारा कवाड़ व्यवसायीमाथि भइरहेको गैरकानुनी हस्तक्षेप रोक्न कवाड व्यवसायीको बृहत् भेला भएको छ । पार्टी अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले काठमाडौँस्थित बिहीबार भएको भेलालाई सम्बोधन गरेका छन् । भेलाले चरणबद्ध संघर्षको कार्यक्रमसहित शुक्रबार महानगरपालिका कार्यालयमा ज्ञापनपत्र बुझाउने उनले बताए । उनले न्यायिक आन्दोलनमा हाम्रो सहयोग रहने प्रतिबद्धतासहित आन्दोलनका माग तुरुन्त सम्बोधन गर्न महानगरपालिकालाई विशेष अनुरोध गरे । साथै घरघरबाट काम नलाग्ने कवाडी सममान किनेर काठमाडौँलाई सफा राखने कवाड़ व्यवसायीलाई उच्च मनोबलका साथ एकताबद्ध भई अगाडि बढ्न नेता साहले अपील गरे ।
काठमाडौँ महानगरपालिकाले माघ १९ गते सूचना जारी गर्दै वडा नम्बर १५ क्षेत्रमा सञ्चालन रहेको कवाडी व्यवसायका कारण वातावरण प्रदूषण, आगलागी तथा चोरीको घटना वृद्धि भएको स्थानीयद्धारा पटकपटक गुनासो आइरहेकाले सूचना प्रकाशन गरेको ३५ दिनभित्र सो क्षेत्रको सम्पूर्ण कवाडी व्यवसाय हटाउन भनेको थियो ।

# आजदेखि वीरगंजमा खाना तथा सांस्कृतिक मेला




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा आज (शुक्रबार) देखि खाना तथा सांस्कृतिक मेला लाग्ने भएको छ । वीरगंज कलेजको आयोजनामा दुई दिने खाना तथा सांस्कृतिक मेला लाग्न लागेको आयोजकले जनाएको छ । विद्यार्थीहरुका लागि रात्री बजारको अवधारणा अनुरुप 'सिक्दै कमाउदै कार्यक्रम' अन्तर्गत दुई दिने 'खाना तथा सांस्कृतिक मेला'को आयोजना गरिएको कलेजले जनाएको छ ।
शुक्रबार र शनिबार दिउँसो २ बजेदेखि राति १० बजेसम्म खाना तथा सांस्कृतिक मेलाको आयोजना हुने लागेको र त्यसको सम्पूर्ण तयारी पूरा भएको कलेजले जनाएको छ । विद्यार्थीहरुमा सिक्दै कमाउदैको अवधारणा विकास गर्न, उद्यमशिलताको अवधारणालाई विकास गर्न र बारा पर्साको लोक सांस्कृतिक तथा परम्परागत खानाको प्रवद्र्धन गर्नका लागि मेला आयोजना गर्न लागिएको कलेजका अध्यक्ष डा.दिपेन्द्र कुमार चौधरीले जानकारी दिए । खाना तथा सांस्कृतिक मेलाले यस क्षेत्रका विद्यार्थीहरुमा सिक्दै कमाउँदैको अवधारणा विकास भई विद्यार्थीहरुलाई प्रोत्साहन गर्नुको साथै उद्यमशिलता विकासमा पनि टेवा पुग्ने विश्वास रहेको उनले बताए ।
गत वर्ष पनि कलेजले पहिलो पटक आयोजना गरेको खाना तथा सांस्कृतिक मेलाले विद्यार्थीहरुमा हौसला प्राप्त भएको र यसवर्ष पनि विद्यार्थीहरुले स्वस्फूर्त रुपमा मेलाको आयोजना गर्न लागेको जनाइएको छ । मेलामा कलेजमै अध्ययन गरेका विद्यार्थीहरुको समेत सास्कृंतिक प्रस्तुती रहने क्याम्पस प्रमुख विनोद गुप्ताले जानकारी दिए । खाना तथा सांस्कृतिक मेलामा ३२ वटा विभिन्न खानाका परिकारको स्टल रहने र १५ देखि २० हजार दर्शक आउने कलेजको अनुमान छ ।

# वडाध्यक्ष गुप्ताको अटेरीका कारण नियमविपरित सटर निर्माण

**मधेशदृष्टि**
**वीरगंज ।**
जीतपुरस्थित हुलाक कार्यालय अगाडि नियमविपरित सटरहरु निर्माण भइरहेका छन् । जीतपुर सिमरा उपमहानगरपालिकाले सार्वजनिक जग्गामा निर्माण रोक्न आदेश दिएपनि ७ नम्बर वडाका अध्यक्ष सुनिल गुप्ताले अटेरी गरेको छन् । जसका कारण उपमहानगरपालिकाको निर्णय कार्यान्वयन हुन सकेको छैन ।
उपमहानगरपालिकाले फागुन १४ गते वडा नं.७ को कार्यालय जीतपुरलाई अनाधिकृत निर्माणधिन संरचना रोक्न पत्रमार्फत आदेश दिएपनि अहिलेसम्म त्यो रोकिएको छैन । वडा अध्यक्ष गुप्ताले आफुले नगरपालिकाको कुनै पत्र प्राप्त नगरेको दाबी गरेका छन् । धर्मशाला तथा विवाह मण्डपको डीपीआरमा व्यवसायिक सटर बनाउनुपर्ने रहेकोले निर्माण समितिले सटर बनाईरहेको वडाध्यक्ष गुप्ताको भनाई छ । यता जीतपुरसिमरा उपमहानगरपालिकाको नगर प्रमुख राजन पौडेलले हुलाक कार्यालय अगाडिको जग्गामा धर्मशाला तथा विवाह मण्डप बनाउन कसैलाई कार्य आदेश नदिएको र यो निर्माण गर्ने समिति रहेको विषयमा आफूलाई कुनै जानकारी नभएको बताएका छन् । नगर स्तरीय बजेटको निर्माण समिति तथा उपभोक्ता समिति बनाउदा नगर प्रमुख तथा उप प्रमुखको अध्यक्षतामा गठन गर्नुपर्ने भएपनि त्यस्तो नगरिएको उनको भनाई छ । जीतपुरसिमरा उपमहानगरपालिकाले २० लाख भन्दा माथिका योजनाहरु ई बिडिङ्गको माध्यमबाट गर्नुपर्ने नियम नगर सभाबाट पास भएकाले समिति बनाएर यस्तो कार्य गर्न नमिल्ने मेयर पौडेलले बताए ।

# पचासी लाख बराबरको समान बरामद

**मधेशदृष्टि**
**बारा ।**
जिल्ला प्रहरी कार्यालय बाराले करिब ८५ लाख रुपैयाँ मूल्य बराबरको सामान बरामद गरेको छ । बारा प्रहरीले ८५ लाख रुपैयाँ मूल्य बराबरकोभन्सार छलीका सामानसहितको ट्रक नियन्त्रणमा लिएको हो । जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैयाबाट प्रहरीले ८४ लाख ९८ हजार ९५० मूल्य बराबरका भन्सार छलीका सामानसहित ट्रक नियन्त्रणमा लिएको जनाएको छ ।
प्रहरी चौकी पथलैयाबाट खटिएको प्रहरीको टोलीलाई आएको विशेष सूचनाको आधारमा जाँच गर्दा सवारीसहित सामान बरामद गरेको प्रहरी नायब उपरिक्षक प्रवक्ता दधिराम न्यौपानेले जानकारी दिए ।
वीरगंजबाट कैलालीतर्फ जाँदै गरेको ना ६ ख १०५७ नम्बको ट्रकमा लोड रहेका ८४ लाख ७६ हजार १० रुपैंयाको खुद्रा सामानको बिल शंकास्पद देखिएपछि नियन्त्रणमा लिइएको प्रवक्ता न्यौपानेले बताए ।
यस्तै, वीरगंजबाट काठमाडौँतर्फ जाँदै गरेको यात्रुवाहक बसबाट २२ हजार ९४० रुपैयाँ मूल्य बराबरका ३ बोरा बेलुन, २ बोरा स्टिकर समेत नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । बरामद सामानसहित ट्रकलाई आवश्यक कारवाही लागि राजश्व अनुसन्धान कार्यालय पथलैयामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# रक्तदान कार्यक्रम सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बहुदरमाई नगरपालिका वडा नम्बर ९ विश्रामपुरमा निशुल्क आँखा चेकजाँच तथा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । बिहीबार नगरपालिकाको वडा नम्बर ९ विश्रामपुरस्थित भङ्गी साह नेरा माविमा निःशुल्क आँखा चेकजाँच शिविर र रक्तदान कार्यक्रम सम्पन्न भएको हो । पन्नालाल विद्यादेवी प्रतिष्ठान, लायन्स क्लब अफ वीरगंज, माट्रिका आइ फाउन्डेशनको संयुक्त आयोजनामा रक्तदान तथा निःशुल्क आँखा चेकजाँच शिविर सम्पन्न भएको हो । कार्यक्रममा २० जना महिला पुरुषले रक्तदान गरेका थिए । त्यस्तै निःशुल्क आँखा चेकजाँच शिविरमा १८९ जनाको आँखा परीक्षण गर्दा ७२ जनामा मोतियाबिन्दु देखिएको थियो ।
मोतियाबिन्दु देखिएकाहरुको निःशुल्क शल्यक्रिया शुक्रबार माट्रिका आइ फाउन्डेशनमा हुने प्रतिष्ठानका डा सन्तोष साहले जानकारी दिए ।

# हक्की प्रतियोगिताः गण्डकीसँग बागमती पराजित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा जारी प्रथम मदन भण्डारी महिला हक्की प्रतियोगिता–२०८० को बिहिबार सम्पन्न खेलमा गण्डकी प्रदेशले बागमती प्रदेशलाई ३–० गोल अन्तरले पराजित गरेको छ । खेलको सुरुवातदेखि नै बागमतीलाई दबाबमा राखेको गण्डकीले क्लिन स्वीप गर्दै सहज जित निकालेको हो । खेल सुरू भएको ५ र १९औँ मिनेटमा जर्सी नम्बर ७ की सोनु बरालले २ गोल गर्दै आफ्नो टीमलाई अग्रता दिलाउन सफल भइन् । त्यस्तै, गण्डकी प्रदेशकी जर्सी नम्बर २ गीता पुन मगरले खेलको ३६औँ मिनेटमा अर्को गोल गर्दै जित सुनिश्चित गरिन् । उक्त खेलमा प्लेयर अफ द म्याचको उपाधी सोनु बराललाई दिइयो ।
त्यस्तै बिहीबार भएको दोस्रो खेलमा नेपाल आर्मीले मधेश प्रदेशलाई ६–१ को गोल अन्तरले पराजित गरेको छ । आर्मीकी जर्सी नम्बर १३ सीतामाया बरालले २ गोल गरिन् । बरालले खेलको ४ र १२ औँ मिनेटमा सुन्दर र आकर्षक पासलाई गोलमा परिणत गर्दै आफ्नो टीमलाई अग्रता दिलाउन सफल भइन् । त्यस्तै खेलको ५ र १० औँ मिनेटमा लगातार थप २ गरेकी जर्सी नम्बर ३ कि खेलाडी कमला चन्दले जितलाई सुनिश्चित गरिन् । यस बाहेक ३२ औँ मिनेटमा सिमा खड्काले पुनः एक गोल गरेपछी खेल आर्मीको पक्षमा गएको हो । त्यस्तै ३५ औँ मिनेटमा जर्सी नम्बर ८ कि ममता भट्टले थप एक गोल गरेपछी आर्मी विजेता बनेको हो । शुक्रबार पहिलो सेमिफाइनल नेपाल आर्मी र लुम्बिनी प्रदेश बीच हुनेछ ।

# नाबालिग छोराछोरी बिचल्लीमा

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वा सुगौली गाउँपालिका वडा नम्बर ४ फरहदवामा आमा–बुवा दुबैको मृत्यु भएपछि तीन जना नाबालिग छोराछोरी बिचल्लीमा परेका छन् । सम्पत्तिको नाममा एउटा फुसको घर मात्र रहेको र पालनपोषण गर्ने आमा–बुबा दुवैको तीन महिनाको अन्तरालमा मृत्यु भएपछि टुहुरा बनेका तीन बालबालिका बिचल्लीमा परेका हुन् । १७ वर्षीया महिमा कुमारी, १५ वर्षीया करिमा कुमारी र १२ वर्षीय विकाश कुमारकी आमा गौरी देवीको एक साता पहिले मृत्यु भएपछि उनको काजक्रिया गर्न समेत समस्या भएको नातामा काका पर्ने धिरेन्द्र पञ्जियारले बताए ।
वैदेशिक रोजगारीका लागि मलेसिया गएका बुबा जितेन्द्र पञ्जियारको तीन महिना पहिले त्यही मृत्यु भएको थियो । बुवाको सहारा गुमाएका तीन महिना पनि नबित्दै तीन बालबालिकामाथि एक साता पहिले आमा गौरी देवीको पनि क्यान्सर रोगका कारण मृत्युपछि उनीहरु विच्चलीमा परेका हुन् । आर्थिक रुपमा अति विपन्न परिवारका उनीहरुसँग दिवंगत आमाको १३ दिनको काजक्रिया गर्ने खर्च समेत नभएको पञ्जियारको भनाइ छ ।

# रंगदारी माग्ने सुमन प्रहरी हिरासतमा

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको कटहरिया नगरपालिकामा मदिरा सेवन गरी ट्याक्टर रोकेर चालकसँग रंगदारी ट्याक्स माग्ने एकजना युवक प्रहरी हिरासतमा पुगेका छन् । उँखु लोड रहेको ट्याक्टर रोकेर चालकसँग रंगदारी माग्ने कटहरिया–२ का २२ वर्षीय सुमन राय यादव ईलाका प्रहरी कार्यालय गरुडाको हिरासतमा पुगेका छन् ।
सुमनमाथि केही अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरी जिल्ला अदालत गौरबाट म्याद थमाई आवश्यक अनुसन्धान गरिरहेको कार्यालय प्रमुख डिएस्पी ओम प्रकाश खनालले बताए ।



बाराबाट उँखु लोड गरी कटहरिया ८ स्थित बाबा बैजुनाथ चिनिमिलतर्फ गईरहेको ट्याक्टर कटहरिया ३ बिर्तीमा बुधबार राती ट्याक्टर रोकेर यादवले जबर्जस्ती पैसा माग गरिरहेको उनीमाथि आरोप छ । स्थानीयले खबर गरेपछि ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख वरिष्ट सई अरूण कुमार सिंहको कमाण्डमा गएको टोलीले आरोपी सुमन राय यादवलाई पक्राउ गरी राति नै ईलाका प्रहरी कार्यालय गरुडा पठाएको थियो ।

*जिन्दगीलाई माया गर्¥यौ भने तिमीलाई*
*जिन्दगीले अरु धेरै माया गर्नेछ ।*
*–आर्थर*

## सम्पादकीय

# लेखा समितिमा सिटी स्क्यान प्रकरण

*मधेश प्रदेश सरकारको स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निमित्त निर्देशक डा. मनीष पाण्डे र बायोमेड इञ्जिनियरको अनुभव भएका परामर्शदाता बन्दना मिश्रलाई मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिले बिहीबार बयान लिएको छ । उनीहरुलाई एउटा कम्पनीलाई मात्र टेन्डर दिन मिल्ने गरी गरिएको 'स्पेसलक'बारे समितिले बयान लिएको हो । समितिले निर्देशन दिएको छ, 'एउटा मात्र कम्पनीले लिन मिल्ने गरी टेन्डर भएको भए यसलाई खारेज गरेर सबैले प्रतिस्पर्धा गर्न पाउन् ।' स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले सिरहा र सर्लाहीका लागि किन्न लागेको रुमसहितको सिटी स्क्यान प्रकरणमा कम्तीमा ८ करोड रुपैयाँ हिनामिना गर्न मिल्ने गरी मेडिकल व्यवसायी र मधेशको स्वास्थ्यमा माफियाकै रुपमा स्थापित बन्दै गरेका विशाल पण्डितको कम्पनी हस्पिटेकलाई मात्र टेन्डर भर्न मिल्ने गरी पाण्डे र मिश्रले टेण्डर आह्वान गरेपछि मधेशदृष्टि दैनिकले लगातार यो मधेशप्रतिको घातमा खबरदारी गरिरहेको छ । मधेशदृष्टिकै समाचारले आत्तिएका पाण्डे र मिश्रले पण्डितलाई दिन लागिएको काममा आफ्नो बदमासी लुकाउन अनेक हर्कत गरे पनि अन्ततः मेडिकल व्यवसायीले मुख्यमन्त्री कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मधेश प्रदेश सभाको सार्वजनिक लेखा समितिमा पनि उजुरी गरेपछि यसमा गहन अनुसन्धान अघि बढेको छ ।*

*स्वास्थ्यमन्त्री वीरेन्द्र सिंह र मुख्यमन्त्री सरोजकुमार यादवसँग पनि 'डिल' भइसकेको भन्दै मेडिकल व्यवसायी पण्डितले आफ्नो कम्पनीका पूर्व कर्मचारी बन्दना मिश्रलाई केन्द्रमा परामर्शदाताका रुपमा पठाएर फिलिप्स कम्पनीको मात्र सिटी स्क्यान मेसिन किन्न मिल्ने गरी टेन्डर गरिएको र त्यस कम्पनीका नेपाली डिलर विशाल पण्डितको हस्पिटेक मात्र भएको समाचार मधेशदृष्टि दैनिकले लेखेको थियो । जानाजान यसरी मधेश सरकारको २० करोड रुपैयाँमा एउटा व्यापारीले आँखा लगाएर मुख्यमन्त्री र स्वास्थ्यमन्त्रीसँगै स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निमित्त निर्देशक पाण्डे र परामर्शदाता मिश्रलाई प्रयोग गरी बदमासी गर्न लागेको सूचना पाएपछि मधेशदृष्टि दैनिकले यसबारे लगातार भण्डाफोर गरेको थियो । स्वास्थ्यमन्त्री सिंहकै जिल्लामा १२ वर्ष पुरानो मेसिन जडानका लागि योजना बनेको विषयमा खबरदारी गरिएको थियो । १२ वर्ष पुरानो मोडलको उपकरण किन्नका लागि एउटा व्यवसायीले मुख्यमन्त्री, स्वास्थ्यमन्त्रीको बदनाम गर्दै केन्द्रका निर्देशक र परामर्शदातालाई प्रयोग गरेको विषयमा सबैले सरोकार राखेर चासो दिएपछि केन्द्रका निमित्त निर्देशक पाण्डे निकै समस्यामा परेका छन् । उनले प्रयोग गरेका अस्त्रहरु पनि अप्ठेरोमा पाण्डेलाई साथ दिन नसक्ने भइरहेका बेला पाण्डे र मिश्रलाई बिहीबार सार्वजनिक लेखा समितिले बयान लिएर सबैले प्रतिस्पर्धा गर्न सक्ने गरी टेन्डरको व्यवस्था गर्न निर्देशन दिएपछि मेडिकल व्यवसायी विशाल पण्डितको मेहनत पनि खेर जाने अवस्था बनेको छ ।*

*ढिलै भए पनि मधेश प्रदेशमा मिडियाको खबरदारीले काम गर्न थालेको छ । लोकल मिडियालाई ससाना चास्नी चटाएपछि करोडौँका बदमासी पनि हाकाहाकी पास गर्न पाइन्छ भन्ने भ्रममा रहेका सरकार, शासक, कर्मचारी संयन्त्र यतिखेर सबै 'तैँ चुप मै चुप' देखिएका छन् । एउटा व्यापारीले बाँडेको चास्नी र चटनीको लोभमा मधेश सरकारको बजेट नै हिनामिना गर्ने सपना पनि पूरा नहुने अवस्था बनेको छ । सरकार आफैँ एउटा व्यापारीको लोभमा पर्दा कसरी मधेशका जनता आफ्ना शासकहरुबाट धोका खाइरहेका छन् भन्ने पनि यो घटनाले पुष्टि भएको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# छाडा चौपाया व्यवस्थापनको चुनौती



शुक्रऋषि चौलागाईँ

सनातन धर्म मान्नेहरूले जनावरलाई भगवान्सरह मान्दछन् । तिहारमा गाई, कुकुर, गोरुलाई पूजा गर्ने पनि गर्दछन् तर अघिपछि तिनै जनावरलाई घरबाट बाहिर छाडिदिने, लखेटिदिने पनि गरेको पाइन्छ । पशुधनीले गोठबाट निकालेका÷छाडेका चौपाया नै सडक, चोकमा आएका हुन् । छाडा चौपायाको व्यवस्थापन नै अहिले मुख्य टाउको दुखाइको विषय बनेको छ । लुम्बिनी प्रदेशका ठूला सहर नेपालगञ्ज, बुटवल, भैरहवा, तुलसीपुर, तौलिहवा, घोराही, कोहलपुर, परासीलगायतका सहरका लागि अहिले मुख्य चुनौतीका रूपमा छाडा चौपाया रहेको छ ।

सहर र राजमार्ग छेउछाउमा गाई, गोरुलगायतका छाडा चौपायाको बिगबिगी छ । नेपालगञ्जमा त झन् गाईगोरुसँगै गधा, घोडासमेत सडकमै देखिन्छन् । छाडा चौपायाहरू सवारीसाधन नै अवरुद्ध हुनेगरी बस्ने गरेका छन् । छाडा चौपायाका कारण दुर्घटनाको जोखिम पनि बढ्दो छ । छाडा चौपाया नियन्त्रणमा स्थानीय सरकार उदासिन भएको भन्दै सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरिएको पाइन्छ । छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनमा पालिकालाई थप सकस भइरहेको छ ।

### गाई÷गोरुको महत्व

हिन्दू र गाई÷गोरु परिपूरक हुन्भन्दा हुन्छ । गाईबिना हिन्दू र हिन्दूबिना गाई परिकल्पना गर्न सकिन्न । अर्कातिर गाई गुण नै गुणले भरिपूर्ण जनावर पनि हो । गाईलाई हिन्दू धर्ममा लक्ष्मी पनि भनिन्छ । यमपञ्चकको तेस्रो दिन लक्ष्मीको रूपमा गाईलाई पुजिन्छ पनि । गाईबिना स्वर्ग गइँदैन भन्ने मान्यताअनुसार हिन्दूहरूले जीवनको अन्तिमकालमा गौदान गर्ने गर्दछन् । गरुड पुराणअनुसार गाईको पुच्छर समातेर हिन्दूहरू बैतरणी नदी तरी स्वर्ग जान्छन् भन्ने विश्वास छ । गाई पूजाले करोडौंको धर्म हुन्छ भन्ने मान्यता पनि छ ।

हिन्दूहरूका हरेक खाले संस्कारमा गाईको गउँत प्रयोग गरिन्छ । विशेषतः शुद्ध हुनलाई गउँत चाहिन्छ । पवित्र कार्यमा शुद्ध पार्न गाईको गोबर पनि चाहिन्छ । गाईको दूध सबैभन्दा पोसिलो हुन्छ । गाईको दूध बालबालिका र वृद्धवृद्धाको लागि झनै फाइदाजनक हुन्छ । खेतीपातीको लागि गाई÷गोरुको गोबर÷गहुँत मलिलो मानिन्छ । हिन्दू धर्मालम्वीहरूले गोरुलाई पनि पूजा गर्दछन् ।

गोरु पनि सडकमै छाडिएको पाइन्छ । मुख्यतः खेतबारी जोत्नको लागि प्रयोग गरिने भए पनि अन्य समयमा पाल्न गा¥हो हुने भएपछि गोरु पनि सडकमै छोडिएको हो । जग्गा जोत्न गोरुको छुट्टै भूमिका हुन्छ । सडकमा छाडिएका साँडेको पनि आफ्नै महत्व छ । भगवान शिवजीको बाहन नन्दी भनी पूजा गर्ने गरी आशीर्वाद माग्ने चलन छ । गाई, गोरुको मललाई परम्परागत मलका रूपमा लिइए पनि खेतीबाली अन्न उब्जनीमा यसको प्रभावकारिता देखिन्छ । अर्गानिक मलका रूपमा यसले व्यापकता पाउँदै गएको छ । गोवर र गौ मूत्रबाट पनि आर्थिक लाभ लिन सकिन्छ । आयुर्वेदका अनुसार गौमुत्रबाट क्यान्सरलगायतका बिरामीले लाभ लिन सक्ने बताइएको छ । पछिल्लो समय वैज्ञानिकहरूले यसको पुष्ट पनि गरेका छन् ।

### किन छाडिन्छन् गाई÷गोरु ?

पशुधनीले आफूले पालेका चौपाय किन सडकमा पु¥याउन्छन ? पशुरुहरू किन सडकमा ल्याइए ? पछिल्लो समय सडकमा विशेषगरी गाई, गोरु छोडने चलन बढ्दैछ । दूध देउञ्जेल पाल्ने, दूध दिन छाडेपछि गाई सडकमा छाडिदिने चलन छ । बाच्छी दूधका लागि पाल्ने तर बाच्छाहरू सडकमै पु¥याइदिने पनि गरिन्छ । चाड पर्ब तथा सामाजिक कार्यमा गाई चाहिने हाम्रो समाज, गाई मर्दा भने रमिते झैं हुन्छ । नाग पञ्चमीमा गोबर खोज्न हिड्ने । नागलाई दूध चढाउने । पितृ कार्य, बैबाहिक कार्य सबै काममा गाई चाहिने अनि एक मुठा घाँस दिएर पाल्न भने तयार नहुने, अचम्मको छ– हाम्रो समाज । पितृ उद्दारमा हजारौं रुपिया दान दिन तयार छ । एउटा भोको गाईलाई खुवाउन तयार छैन । भंैसी किन सडकमा छाडा छोड्दैनन् ? बाख्रा किन छाडा छोडिएन ? किनभने भैंसीको मासु खान्छन् । बाख्राको पनि मासु बिक्री हुन्छ । नगद आउँछ । तर गाईबाट के मिल्छ ?

गाई÷गोरु घरपालुवा जनावर हो । जहाँ छाडे पनि यो बस्ती छेउकै सडकमा आउँछ । यिनीहरूले सुख्खा ठाउँ मन पराउँछन् । त्यही भएर सडकमै बस्छन् । अहिले सडकका गाई वस्तु नियन्त्रण गर्दै काञ्जीहाउसमा पु¥याइए पनि सडकमा वेवारिस अवस्थामा छाडिने गाई गोरुको सङ्ख्यामा कमी आएको छैन । पशु धनीको पहिचानको अभावमा अहिले छाडा पशु बढेको हो । बजार सडकमा गाई÷गोरु कति छन् ? भन्ने नै यकिन छैन । पछिल्लो समय त भारतीय सीमाबाट पनि गाई, गोरुहरू आएको अनुमान गरिएको छ । काम लाग्दाको भाँडा नचाहिंदाको ठाँडा भने झैं काम छउन्जेल गाईवस्तु पुज्ने, पाल्ने अनि काम सकिए, सडकमा फ्याँकीदिने प्रवृत्ति छ । यो हिन्दू मात्र हैन, मानव संस्कृति पनि होइन ।

### व्यवस्थापनको पहल खै ?

जहाँ समस्या छ, त्यहाँ समाधान पनि छ । समाधान बिनाको समस्या कहीँ हुँदैन । छाडा चौपायाको पनि समाधान छ तर पुरानै सोच र शैलीले मात्र सम्भव छैन । अहिलेको चुनौती भनेको गाई वस्तुलाई सडकमै आउन नदिनु र आएकालाई संरक्षण गर्नु नै हो । सडकका गाई वस्तु काञ्जीहाउस÷आश्रयस्थल पु¥याएर मात्र पालिकाको दायित्व पूरा भएको ठहरिदैन । कतिपय पालिकाले पशु पक्रने र काञ्जीहाउस पु¥याउने गरिरहेकै छन् तर यो दीर्घकालीन उपाय हैन । काञ्जीहाउसमा राखिएका गाई खानै नपाएर मरिरहेका समाचार पनि बेलाबेला आइरहेको छ । खान नपाएर पेट्मा ग्यास भरिएर उपचारमा समेत समस्या आएको छ । काञ्जीहाउस ठेक्का प्रक्रियामार्फत सञ्चालन गरिनुपर्छ ।

पशु सडकमा आउन नदिन र आएका पशु नियन्त्रण गर्न नयाँ सोच र विधि अपनाउन जरुरी छ । स्थानीय कानुन समेत बनाउन सक्ने सरकारले सम्बद्ध विज्ञ र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा पहलकदमी लिन अब ढिलाई गर्नु हुँदैन । प्रथमतः सडकमा पशु छोड्नै दिन हुँदैन । छाडा पशुलाई कारवाही हैन, पशुधनीको पहिचान गरेर निजलाई कारवाही गरिनुपर्छ । कारवाहीका लागि नयाँ मापदण्ड पनि बनाइनु पर्छ । पशु चौपाया पालनमा पनि मापदण्ड बनाउनु पर्ने हुन्छ । अनुमतिबिना गाईलगायतका चौपाया पालन गर्न बजार क्षेत्रमा रोक लगाइनु पर्छ । जनावरको 'ट्याग' गरेर लगत राख्ने अनि पशुधनीलाई कारबाहीको दायरामा ल्याउने गर्नु पर्छ । गाई÷गोरुलाई सडकमा छाडेर पशु धनीले हिंसामाथि हिंसा गरिरहेका छन् । गाई वस्तुलाई सडकमा पु¥याइनु अबोध, निरीह प्राणी माथिको अत्याचार पनि हो । यस्ता पशुधनीलाई कानूनी रूपमा कारबाही र सामाजिक रूपमा हतोत्साही गरिनुपर्छ । गाईसहितका पशु चौपायाको व्यवस्थापनका लागि पर्याप्त जग्गा भएको भौतिक संरचनासहितको आश्रयस्थल बनाउनु पर्छ ।

केही सहरमा काञ्जीहाउस, आश्रयस्थल निर्माण त गरिएका छन् तर तिनको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन स्थायित्व भने खोजिएको छैन । फुल्टेक्रास्थित काञ्जीहाउस साँघुरो भएपछि नेपालगञ्ज उपमहानगरपालिकाले केही वर्षअघि वडा नं २१ मा कान्जीहाउस सञ्चालनमा ल्यायो । केही कर्मचारी खटाएर गाईगोरुलाई कान्जीहाउसमा त थुनियो तर तिनीहरूका लागि आवश्यक खानेकुराको सही व्यवस्थापन गर्न अहिले पनि हम्मेहम्मे छ ।

तिलोत्तमा नगरपालिका–१ र ८ को बीचमा कहरिया सामुदायिक वनमा गौशाला बनाएर छाडा गाईवस्तु राखिएको छ । यस्तै घोराहीमा पनि सामुदायिक वनको सहयोगमा छाडा पशु चौपाया नियन्त्रण गरिएको छ । छाडा चौपायाको समस्या दीर्घकालीन समाधान गर्न बुटवल उपमहानगरपालिकाले छिमेकी पालिकाहरूसँग समन्वय गरी प्रदेशस्तरको गौ संरक्षण केन्द्र बनाउने योजना बनाएको छ तर खासै पहल भने गरेको छैन । यस्तै तौलिहवामा सडकमै गाईगोरुको बथान देखिन्छ । तर नगरपालिकाले खास पहल गर्न सकेको छैन । यस्तै अन्य पालिकाले पनि छाडा चौपाया एउटा ठाउँबाट अर्को ठाउँ धपाउनेबाहेक ठोस पहल गरेको देखिँदैन ।

छाडा चौपाया नियन्त्रणको प्रयास गरे पनि दीर्घकालीनरूपमा समाधान गर्न सकिएको छैन । एउटा पालिकाले मात्रै चाहेर समाधान नहुने भएकाले सामूहिक प्रयत्नस्वरुप प्रदेश सरकारले नै अगुवाइ गर्नुपर्ने हुन्छ । स्थानीय तहले गर्दा कतै वनसँग कुरा नमिल्ने, कतै राजनीतिकरण हुनेजस्ता समस्या देखिएकाले प्रदेशले नै गौशाला बनाउँदा दीर्घकालीनरूपमा समाधान निकाल्न सकिन्छ । तर नीतिगतरूपमा स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने भएकाले प्रदेशस्तरको गौशाला निर्माण गर्न नमिल्ने देखिन्छ । छाडा चौपाया व्यवस्थापनको समस्या छ भन्ने सबैलाई थाहा छ । समस्याबाट भाग्ने छुट कसैलाई पनि छैन । यसर्थ समाधान खोज्न लाग्ने हो भने स्थानीय सरकार र प्रदेश सरकारबीचको छलफलबाटै निकास खोजिनुपर्छ । नीतिगत पहलबाटै दीर्घकालीन व्यवस्थापन खोजिनुपर्छ ।

# राजनीतिसँगै कृषिकर्म



–सुदीप राउत

**ज्यूँदै मऱ्याको भनि नाम छ कस्को ?**
**उद्यमबिना बित्तछ काल जस्को ।**

आदिकवि भानुभक्त आचार्यको प्रश्नोत्तरी कविताका यी पङ्क्ति उद्यम गर्नेका लागि प्रेरित छन् । तर धेरैले यसको भाव अनुशरण गरेका हुँदैनन् । अझ राजनीतिमा सक्रिय अधिकांश मानिसहरू त कुनै इलमबिनै रहरलाग्दो जीवन बाँचिरहेका पनि देखिन्छन् । एकपटक सार्वजनिक लाभको पद र जिम्मेवारी बहन गरिसकेपछि बाँकी के चाहियो र ? भन्नेहरू पनि छन् । तर यो धारणा सधैँ र सबैका लागि लागू नहुनसक्छ । त्यसैको उदाहरण हुनुहुन्छ सिरहाको धनगढीमाई नगरपालिकाका पूर्वप्रमुख हरिनारायण चौधरी ।

विसं २०७४ को स्थानीय निर्वाचनबाट नगरप्रमुख हुनुभएका चौधरीले आफ्नो कार्यकाल सकिएसँगै राजनीतिसँगै कृषिलाई मुख्य पेसा बनाउनुभएको छ । 'सार्वजनिक पदमा हुँदा वा नहुँदा पनि मैले कृषिकर्म छोडिनँ । मलाई माटोमा नङ्ग्रा खियाउन, भकारो सोर्न, डोको बोक्न कहिल्यै अप्ठ्यारो लागेन । मेरो यो कर्म पछिल्लो एक दशकदेखि चलिरहेको छ,' चौधरीले रासससँग भन्नुभयो, 'नगरप्रमुखको जिम्मेवारी सकिएपछि त झनै सक्रियताका साथ लागेको छु । काम त गरिखानुपर्यो नि सबैले ।'

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का केन्द्रीय सदस्यसमेत रहनुभएका चौधरीले आफ्नो आम्दानीको स्रोत नै कृषि पेसा बताउनुभएको छ । उहाँले डेढ बिघामा तोरी, दुई बिघामा हिउँदे मकै र अढाई बिघामा घाँसखेती गरिरहनुभएको छ । एउटै याममा १५ क्विन्टल तोरी, ९० क्विन्टल हिउँदे मकै र घाँस तथा बीउ बेचेर करिब १० लाख रुपैयाँसम्म आम्दानी हुने गरेको उहाँले सुनाउनुभयो ।

'राजनीतिमा नाम छ तर आर्थिकरूपमा जीवन धान्न धौधौ छ । राजनीति विशुद्ध समाजसेवा हो । त्यसैले परिवारको जोहो टार्न र जीवनयापन गर्न केही त गर्नैपर्छ,' चौधरी भन्नुहुन्छ, 'त्यसैकारण मैले व्यावसायिक कृषि सुरु गरेको हुँ । अहिले राजनीतिमा मात्रै हुँदाजस्तो आर्थिक अभाव झेल्नुपरेको छैन ।'

उहाँ सार्वजनिक पदधारण गरेका हरेक व्यक्तिको जीवनशैली पारदर्शी हुनुपर्ने भन्दै त्यसको उदाहरण आफैँबाट सुरु गर्नुपर्ने मान्यतासहित उद्यममा जोडिएको बताउनुभयो । 'सार्वजनिक ओहोदामा रहेका व्यक्तिबारे गलत धारणा छ । काम नगरेरै बाँचिरहेका छन् भन्ने आरोप बारम्बार सुन्नुपरिरहेको छ । त्यो स्वाभाविक पनि हो । समाजलाई डोहोर्याउने जिम्मेवारीमा रहेका नेतृत्वकर्मीले बोलेरभन्दा पनि व्यवहारबाटै जवाफ दिन आवश्यक छ । अहिले कृषिकर्ममा जोडिएपछि मैले परिवारको जीवनयापन सहजरूपमा गर्न सकेको छु । साथै राजनीतिकर्मीका रूपमा लाग्ने गरेको आरोपबाट पनि मुक्ति मिलेको आभास हुने गरेको छ,' उहाँले भन्नुभयो ।

राजनीतिकर्मी वा सार्वजनिक ओहदामा बसेका व्यक्तिलाई उद्यमबाट आर्जेको पैसाभन्दा त्यसबाट कमाएको इमान र प्रतिष्ठाले अझ बढी खुसी मिल्ने गरेको बताउने चौधरीले अहिले तीन छोराछोरीको पढाइ, घरपरिवारको लालनपालन र आवश्यकतामा ढुक्कले दुई पैसा खर्च गर्ने साहस पनि बढेको बताउनुभयो ।

चौधरीको व्यावसायिक कृषिकर्ममा बढेको लगावले परिवारको आम्दानीमात्रै बढेको छैन त्यसबाट आर्जेको सामाजिक प्रतिष्ठाले अझ बढी खुसी दिने गरेको छ । त्यो खुसीले उहाँकी श्रीमती बचकुनदेवी चौधरीको खुसीको दायरा पनि फराकिलो बनाएको छ । 'गाउँघरमा राजनीतिकर्मी केही गर्दैनन् भन्ने आरोप सुन्छु । पहिले मेरो श्रीमान्को पनि कुरा काटेको सुन्थेँ । मन अमिलो हुन्थ्यो,' बचकुनदेवीले भन्नुभयो, 'श्रीमान्ले राजनीतिलाई समाजसेवा र कृषिकर्मलाई आम्दानीको स्रोतका रूपमा अपनाएपछि अहिले भने राम्रो प्रतिक्रिया सुन्छु । त्यसो सुन्दा राजनीतिक नाम, पद, पैसाभन्दा उद्यमबाट आर्जेको प्रतिष्ठा ठूलो हुँदोरहेछ जस्तो लाग्यो । र यसले निकै खुसी हुन्छ ।'

चौधरीले कृषिकर्म गरे पनि पार्टी काम छोड्नुभएको छैन । त्यसरी राजनीतकर्ममा व्यस्त भएका बेला खेतीपाती सम्हाल्ने सारथी पनि श्रीमती बचकुनदेवी नै हुनुहुन्छ ।

**उत्पादनसँग जोडिऔँ**

अधिकांश जनता कृषि पेसामा भए पनि राज्यको लगानी र सामाजिकरूपमा हेयको दृष्टिले हेर्दा उचित लाभ लिन नसकिएको चौधरीको बुझाइ छ । उहाँले कृषिबाटै नेपाललाई समृद्ध बनाउने सोचसहित अगाडि बढ्नुपर्ने जरुरी रहेको बताउनुभयो । सोही भावनाअनुसर आफू नगरप्रमुख भएका बेला धनगढीमाई नगरपालिकाका किसानलाई प्रोत्साहन, आलु पकेट क्षेत्र घोषणा र सहयोगलगायतका काम गरेको उहाँले सुनाउनुभयो ।

'हामीसँग उर्बर माटो छ । अनुकूल वातावरण छ,' उहाँले भन्नुभयो, 'सिँचाइ सुविधा, समयमै मलखाद, कृषि पूर्वाधारमा लगानी, उत्पादनको बजारीकरण गर्ने राज्यको नीति र आफ्नो माटोलाई माया गर्ने हुने हो भने यहाँ अन्न मात्र होइन सुनै फलाउन सकिन्छ भन्ने आत्मविश्वास नागरिकमा जगाउन जरुरी छ ।'

जनतालाई परिवर्तनमा ल्याउने तथा आत्मनिर्भर र राष्ट्रिय स्वाभिमान निर्माण गर्ने माओवादीका नेता कार्यकर्ताले त उत्पादनमा जोडिएर उदाहरण पेस गर्नुपर्ने बेला आएको चौधरीको भनाइ छ । माओवादीले विसं २०६९ माघमा हेटौँडामा सम्पन्न सातौँ राष्ट्रिय महाधिवेशनमा पार्टीका नेता, कार्यकर्ता उत्पादनसँग जोडिने नीति पास गरे पनि त्यसअनुसार हुन नसकेकामा चौधरीको चित्त दुखाइ छ ।

'जनयुद्धमा हुँदाका सपना त छँदैछन् । हाम्रो पार्टीको हेटौँडा महाधिवेशनले उत्पादन ब्रिगेडको नीति अख्तियार गर्यो तर नेताहरूले सोअनुसारको व्यवहार अङ्गिकार गर्न सकिएन । हरेक नागरिक र पार्टी सदस्यलाई श्रम र उत्पादनसँग नजोडी विकास र समृद्धिको सपना पूरा हुन सक्दैन । त्यसैले अधिकांश युवाहरू विदेशिइरहेको बेला नेपालका पार्टीहरूले नै श्रम र उत्पादनसँग जोड्ने अभियान सुरु गर्नुपर्छ,' उहाँले भन्नुभयो ।

**राजनीति पेसा होइन, सेवा हो**

राजनीतिलाई सेवाभन्दा पनि पेसा बनाउने प्रवृत्ति बढ्दै गएकामा पनि चौधरीको चिन्ता छ । देशमा बेतिथि र कुशासनको जड पनि परनिर्भर संस्कृतिको विकास हो भन्ने चौधरी आफ्ना दैनिक आवश्यकता चलाउनसमेत आम्दानीको स्रोत नभएका व्यक्तिहरूबाट राजनीति स्वच्छ हुन्छ भन्ने कुरा नागरिकले पत्याउन छाडिसकेको धारणा राख्नुहुन्छ ।

'राजनीतिमा उद्योग, व्यापार, जागिर वा आयआर्जनको अरु केही कुरा छैन तर पनि अधिकांशले ऐयासी जीवन बिताइरहेका छन् । त्यो प्रवृत्तिबाट देशको हित हुन सक्दैन र नागरिकलाई आशावादी पनि बनाउन सकिँदैन,' चौधरी भन्नुहुन्छ, 'समृद्धि, सुशासन, निराशाको अन्त्य र आम युवाहरूमा आशाको सन्देश फैलाउन पनि हरेक पार्टी र पार्टीका नेता, कार्यकर्ता उद्यमशील बन्न सक्नुपर्छ । म आफैँले त्यो बाटो रोजिसकेको छु । अरुलाई पनि आह्वान गर्छु ।' रासस

# ‘सीमान्तकृतको आवाज सम्बोधन नगरे संविधान सफल हुँदैन’

‘सुरुका दुई वर्ष राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको सदस्य रहँदा सरकारबाट पेस हुने सबै विधेयक, नीति र तर्जुमा गरिने निर्देशिकामा समावेशीताको विषयलाई अनिवार्य उल्लेख हुनुपर्छ भन्ने लेखाउन मैले निर्णायक भूमिका निर्वाह गरेकी थिएँ । त्यो कुरा अहिले कार्यान्वयनमा आएको छ । यसमा म खुसी छु ।’
**प्रमिला कुमारी,**
**राष्ट्रियसभा सदस्य**



**रासस**
**काठमाडौँ ।**
शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रमिला कुमारीको राष्ट्रियसभा सदस्यको कार्यकाल यही फागुन २० गते सकिँदैछ । सो सभाको २०७४ माघ २४ मा भएको निर्वाचनमा मधेश प्रदेशबाट महिला स्थानमा जनता समाजवादी पार्टीका तर्फबाट निर्विरोध निर्वाचित प्रमिला कुमारी बौद्धिक नेत्रीका रूपमा पनि चिनिएकी छन् । राष्ट्रियसभा सदस्य भएको अवधिमा धेरै समय सांसद र झण्डै एक वर्ष राज्यमन्त्री भएर देश र जनताका सेवामा आफू इमानदारपूर्वक लाग्न सकेको अनुभूतिमा रहेकी उनी मुलुकमा सीमान्तकृत समुदायको आवाजलाई सम्बोधन नगरे संविधान र सङ्घीय प्रणालीको सफल कार्यान्वयन नहुने बताउँछिन् ।

‘सांसदसँग रासस’ का लागि बुधबार कुरा गर्दै उनले सांसद र राज्यमन्त्री भएर जनसरोकारका मुद्दामा आफूलाई केन्द्रित गरेको र समग्रमा त्यसबाट आफू सन्तुष्ट रहेको सुनाइन् । ‘मैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रतात्मक व्यवस्थालाई बलियो बनाउन र संविधानमा व्यवस्था भएको समानुपातिक समावेशी सिद्धान्तबमोजिम सीमान्तकृत समुदाय र वर्गका आवाजलाई अधिकतमरूपमा उठाएँ । ती समुदायका आवाज सम्बोधन नभएसम्म हाम्रो संविधान सफल हुन सक्दैन ।’

उनले भनिन्, ‘सुरुका दुई वर्ष राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिको सदस्य रहँदा सरकारबाट पेस हुने सबै विधेयक, नीति र तर्जुमा गरिने निर्देशिकामा समावेशीताको विषयलाई अनिवार्य उल्लेख हुनुपर्छ भन्ने लेखाउन मैले निर्णायक भूमिका निर्वाह गरेकी थिएँ । त्यो कुरा अहिले कार्यान्वयनमा आएको छ । यसमा म खुसी छु ।’ सरकारलाई संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा रायसल्लाह दिन समेतका लागि उक्त समिति महत्वपूर्ण मानिन्छ ।

राष्ट्रियसभा सदस्यका रूपमा प्रमिला कुमारीले केही वर्ष उक्त सभाको दिगो विकास तथा सुशासन समितिका सदस्य रहेर भूमिका निर्वाह गरिन् । सरकारले अख्तियार गरेको दिगो एवं सन्तुलित विकास र सुशासन प्रवद्र्धनसम्बन्धी विषय समितिको कार्यक्षेत्रभित्र हेर्ने सो समितिले सुशासनयुक्त विकास नै सार्थक, सन्तुलित र न्यायसङ्गत हुने हुँदा विकासका बहुआयामिक पक्षलाई कार्यान्वयन गर्न र दिगो व्यवस्थापन गर्न आवश्यक समन्वय, निर्देशन पैरवी गर्दै आएको छ । लागेका कुरा खरोरूपमा राख्ने सांसद कुमारीले आफूलाई सभामा जसपाको संसदीय दलको नेता भए पनि पाउने सुविधाबाट वञ्चित गराउँदा मधेशी भएकै कारण पूर्वाग्रह गरिएको त होइन भनी प्रश्न उठाएकी थिइन् ।

प्राकृतिकरूपमा स्रोत–साधन सम्पन्न भएर पनि मानव विकास सूचाङ्कमा तुलनात्मकरूपमा पछाडि परेको तराई मधेश क्षेत्रमा राज्यका नीति, कार्यक्रम र बजेट तर्जुमा गर्दा प्राथमिकता दिन सरकारमा रहँदा र सांसद रहँदा प्रायः पहलकर्ताका रूपमा प्रस्तुत हुने राज्यमन्त्री प्रमिला कुमारीले आफूले आफ्नो देश र माटोका लागि कुनै गलत पक्षसँग सम्झौता नगर्ने स्पष्ट पारिन् । पूर्वशिक्षिका प्रमिला कुमारीले उठाउँदै आएका विषय समावेशी, सन्तुलित र समन्यायिक विकासलाई सारभूत रुपमा कार्यान्वयन हुने नीति, योजना, कार्यक्रम, बजेट, कार्यप्रक्रियमा तिनको उपलब्धिको अनुगमन, निगरानी, सचेतीकरण र दिशाबोध गराउन त्यहाँ आफ्नो उपस्थिति सशक्त जनाइएको बताइन् ।

संसद्का पछिल्ला अधिवेशनमा पर्याप्त विधेयक पारित हुन नसकेको सन्दर्भमा सोधिएको प्रश्नमा राज्यमन्त्री प्रमिला कुमारीले सदनमा सरकारले पर्याप्त विधेयक लैजानुपर्नेमा किन लान नसकेको भन्नेमा आफू पनि स्पष्ट हुन नसकेको बताइन् । सरकारको राज्यमन्त्री मात्रै भएकाले मन्त्रिपरिषद्का हुने छलफलबाट अलग हुने भएकाले विधेयकहरू किन आउन सकेनन् भन्नेबारेमा आफूले जवाफ दिन नसक्ने तर कार्यकाल सकिन लाग्दा कसैलाई दोषारोपण र तीतो पोख्ने पक्षमा आफू नरहने बताइन् । शिक्षा क्षेत्रका भने विद्यालय शिक्षासम्बन्धी, सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी विधेयक र नेपाल विश्वविद्यलायसम्बन्धी विधेयक विचाराधीन रहेकाले आशावादी हुने ठाउँ रहेको उनको भनाइ छ । योगमाया विदुषी आयुर्वेद विश्वविद्यालयसम्बन्धी विधेयक यसअघि नै पारित भइसकेको छ । राज्यका तीन अङ्गहरू कार्यपालिका, व्यवस्थापिका र न्यायालयबीच समन्वय र सहकार्य बढाउनुपर्नेमा जोड दिने राज्यमन्त्री प्रमिला कुमारीले गत चैत ५ गते सम्पन्न उपराष्ट्रपति पदको निर्वाचनमा उम्मेदवार भई वर्तमान उपराष्ट्रपति रामसहाय प्रसाद यादवलाई समर्थन गर्दै उम्मेदवारी फिर्ता लिएकी थिइन् । त्यसपछि उनलाई शिक्षा राज्यमन्त्रीको जिम्मेवारी दिइएको हो । जनता समाजवादी पार्टीका पोलिटब्युरो सदस्य राज्यमन्त्री प्रमिला कुमारी आफ्नो आगामी यात्रा सक्रिय राजनीति नै हुने बताउँछिन् ।

राज्यमन्त्री प्रमिला कुमारी महिलाहरूले उचित जिम्मेवारी पाएमा पुरुषले भन्दा राम्रो र इमानदारपूर्वक सम्पादन गर्न सक्छन् भन्ने उदाहरण आफूले प्रस्तुत गरेको बताइन् । उनले सञ्चारकर्मीले पनि राजनीतिमा लागेका महिलाहरूका लागि त्यस दृष्टिकोणबाट सहयोग गर्नुपर्ने आग्रह गरिन् । मुलुकको सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, समावेशीता, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक न्याय र समाजवादप्रति निष्ठापूर्वक सधैँ समर्पित हुन पाउने उनको अभिलाषा छ ।

# श्रमिकको सुरक्षामा सांसदको चासो



**रासस**
**काठमाडौँ ।**
फलाम उद्योगमा कार्यरत श्रमिकको व्यवसायजन्य सुरक्षाका सवालमा उद्योग सञ्चालकले ध्यान नदिएको सांसदहरुले बताएका छन् । प्रतिनिधिसभा उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बिहीबारको बैठकमा सदस्यहरूले श्रमिकहरूको जीउज्यानको सुरक्षाको विषयलाई उद्योगले पहिलो प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

सांसद कृष्णकुमार श्रेष्ठले नेपालको फलाम उद्योगमा काम गर्न कामदार छिमेकी देश भारतबाट ल्याउने र ती मजदुरको ज्यान जोखिममा राखेर काममा लगाउने विषय गम्भीर रहेको बताए । उनले विदेशी भएकै कारण ती मजदुरको ज्यानमाथि खेलवाड गरेको हुनसक्ने आशङ्का व्यक्त गरे ।

संसद श्रेष्ठले भारतीय मजदुरको दुर्घटना भएमा रक्सौलमा लगेर उपचार गराउने र मृत्यु भएपछि थोरै रकम भुक्तानी गरेर मजदुरको अधिकार हनन् गरेको बताए ।

सांसद डोलप्रसाद अर्यालले नेपालमा सञ्चालित फलाम उद्योगले विदेशी कामदारमाथि गरेको अन्यायबारे सरकार गम्भीर हुनुपर्ने बताए । उनले कुनै पनि देशको नागरिक भए पनि मानिसको ज्यानसँग खेलवाड गर्न नहुने विचार व्यक्त गरे । सांसद राजु थापाले गुणस्तर मापनजस्ता विषयमा उद्योगले खेलवाड गर्न नहुने बताउँदै राज्यले विभेदकारी नीति अवलम्बन गर्न नहुनेमा जोड दिए । उनले फलामजन्य कच्चा पदार्थ विदेशबाट आयात गर्ने तर नेपालमा भएका फलाम खानीका सम्भाव्यताका लागि सरकारले अध्ययन वा चासो नदेखाएकामा असन्तुष्टि व्यक्त गरे । सांसद हेमराज राईले गुणस्तरहीन सामग्रीको प्रयोगले गर्दा भौतिक संरचनामा क्षति पुग्ने उल्लेख गर्दै यसको उचित समाधान खोज्न आवश्यक रहेको बताए । भूकम्पीय जोखिम रहेको देशमा मापदण्ड नपुगेका सामग्रीको प्रयोग हुने भएकाले बनाएका संरचना टिकाउ नहुने अवस्थाको सिर्जना भएकोबारे गम्भीर हुन जरुरी रहेको बताए ।

# विदा हुन लागेका सांसदले सुनाए राष्ट्रियसभाको अनुभव



**रासस**
**काठमाडौँ ।**
राष्ट्रिसभाको छ वर्षे कार्यअवधि पूरा गरेका सदस्यले सभाको ओज र गरिमालाई उच्च राख्न सुझाव दिएका छन् । सभाको बिहीबारको बैठकमा यही फागुन २० गतेदेखि पदावधि सकिएर बिदाइ हुँदै गरेका सदस्यले सभामा आफ्नो अनुभव सुनाउँदै सुझावसमेत प्रस्तुत गरेका हुन् । राष्ट्रिसभा र त्यसअन्तर्गतका विषयगत समिति एवं समग्र संसदीय अभ्यासको अनुभव सुनाउँदै राष्ट्रियसभा सदस्य इन्दु कडरियाले कौतहुलता र उत्साहका साथ सदन प्रवेश गरेको दिन सम्झँदै आगामी दिनमा सभामा गैरसंसदीय अभ्यास नगर्न सुझाव दिइन् । उनले भनिन्, ‘गैरसंसदीय अभ्यास पनि अनुभव गरियो । सरकारमा भएका पार्टीको खिचातानीले सदन जुनसुकै बेला बन्द, अवरोध गर्ने र अध्यादेशमार्फत संसद्को भूमिका खुम्चाउने अभ्यास पनि अनुभव गरियो । अब यस्तो नहोस् भन्ने अनुरोधसमेत गर्दछु ।’ सांसद कडरियाले सदनमा बोल्ने कम समय पाएको भन्दै बोलेका कुरामा सरकारले गम्भीरतापूर्वक नलिने प्रवृत्ति सुधार हुनुपर्नेमा जोड दिइन् ।

‘कञ्चनपुरमा हात्तीको आतङ्क, डुबान, सीमा क्षेत्रको समस्या, दुई छिमेकी देशबीचका जनतामा आवतजावतमा परेको सास्ती र महँगीलगायत कुरामा बोलियो । यसरी राष्ट्रियस्तर र जनसरोकारका मुद्दा उठाउँदा जनताको प्रशंसाले आफूमा सकारात्मक ऊर्जा थपेको छ’ उनले भनिन्, ‘सदनमा बोल्न निकै कम अवसर पाइनेरहेछ । सबै सांसदलाई समय छुट्याउँदा एउटा अधिवेशन सकिँदासम्म मुस्किलले तीन–चार पटक बोल्ने अवसर पाइनेरहेछ ।’ सांसद कडरियाले सभाको सदस्य बन्ने अवसरको लागि आफ्नो पार्टी नेकपा (एमाले) प्रति कृतज्ञता प्रकट गर्दै अपेक्षाअनुरुप काम हुन नसकेको बताइन् । ‘लाग्दथ्यो सदनमा बोलिसकेपछि त्यो कार्यान्वयनमा आउँछ तर यर्थाथमा बोलेका सबै कुरा कार्यान्वयन नहुँदा रहेछन्’ उनले भनिन् ।

सदस्य कुमार दसौदीले सदनमा उठेका मुद्दाप्रति सरकार गम्भीर हुनुपर्नेमा जोड दिए । आफ्नो कार्यावधिभरको अनुभव सुनाउँदै उनले भने, ‘जनप्रतिनिधिले उठान गरेका जनसरोकारका मुद्दालाई सरकारले गम्भीरताका सथा लिन सकेमात्र सार्थकता हुने र सदनको गरिमा बढ्छ ।’ उनले आफ्नो जिल्लामा शिक्षा, स्वास्थ्य र रोजगारीका लागि पुनः ध्यानार्कषणसमेत गराए । ‘रोल्पा द्वन्द्वग्रस्त मुख्य थलो हो । अहिले पनि त्यहाँका नागरिक द्वन्द्वका कारण आर्थिक र मानसिकरूपमा कमजोर छन् । रुसी सेनामा जान बाध्य छन् । यो विक्षिप्त अवस्थालाई त्यसको शोधभर्ना गर्नका लागि कम्तीमा पनि मनोपरामर्शको उपचार सेवा उपलब्ध गराउन आवश्यक छ’ उनले भने । समसामयिक विषयसमेतमा ध्यानाआर्कषण गराउँदै सांसद दसौदीले दुई दशकदेखि निर्माणाधीन सहिदमार्ग यथाशीघ्र सम्पन्न गर्न माग गरे । उनले दलीय राजनीतिमा दलीय स्वार्थका कुरा राख्नुपर्ने भन्दै सदनमा दलभन्दा माथि उठेर जनताका साझा मुद्दाका कुरा गर्नुपर्ने बताए ।

सदस्य डा खिमलाल देवकोटाले आफ्नो तीन वर्षको संसदीय अभ्यास, अनुभव र ज्ञानका लागि सदन विश्वविद्यालयसरह रहेको बताए । ‘राजनीति गर्नुको लक्ष्य नेतृत्वको लागि हुन्छ । मन लागेसम्म नेतृत्वमा बस्ने र सांसद बन्ने गर्नु हुँदैन । म बैठकको करिब ९४ प्रतिशत अर्थात् एक सय ३० दिन उपस्थिति जनाएको छु । मैले १३ घण्टा बढी बोलेको छु । औषतमा अन्य सदस्यभन्दा यो तीन गुणा बढी समय हो । स्थानीय तह र प्रदेशका सरोकारका विषयमा बोल्ने अवसर पाएँ’ उनले भने । सांसद देवकोटाले मन्त्रीसँग सवालजवाफ गर्न नसकेकोप्रति गुनासो व्यक्त गर्दै सदन समयमा नै सुरु हुनु सकारात्मक अभ्यास भएको बताए । उनले राष्ट्रियसभाको ओज कायम राख्न प्रतिनिधिसभा नरहेको समयमा प्रतिनिधिसभाले गर्ने र विधेयकको प्रथम र अन्तिम ‘रिडिङ’यस सभाले नै गर्नुपर्नेमा जोड दिए । संविधानको भावना र आशयअनुसार सदस्यको प्रतिनिधित्व हुनुपर्ने उनको सुझाव छ ।

बैठकमा आफ्नो अनुभव सुनाउँदै सदस्य दीपा गुरुङले अनुशासित, सक्षमतासहितको प्रस्तुति र कानुन निर्माणको भूमिकाले संसदीय अभ्यास अविस्मरणीय रहेको बताए । उनले भने, ‘जनता जनप्रतिनिधिप्रति आशावादी छन् । सरकारलाई जनताप्रति उत्तरदायी बन्न आग्रह गर्छु ।’ उनले आफ्नो पार्टी नेकपा (एमाले)प्रति आभार प्रकट गर्दै छ वर्षको समयमा प्रतिपक्ष र सत्तापक्षको भावबाट माथि उठेर काम गरेको दाबी गरे । यस्तै सदस्य दिलकुमारी थापा रावल (पार्वती)ले मौलिक हकका लागि बन्नुपर्ने कानुनका लागि सङ्कल्प प्रस्ताव पेस गरेको स्मरण गर्दै सार्वजनिक महत्वको प्रस्तावअन्तर्गत सडक सुरक्षामाथिको प्रस्तावलाई आगामी दिनमा छलफल अघि बढाउन आग्रहसमेत गरिन् । उनले शून्य समयमा राष्ट्रिय सरोकारको विषय उठाएको स्मरण गर्दै भनिन्, ‘नक्कली भुटानी शरणार्थी प्रकरणको विषयमा पहिलोपटक यस सदनको शून्य समयमा प्रश्न उठाएर ध्यानार्कषण गराउने अवसर प्राप्त भयो ।’ सांसद रावलले विवादरहित समिति सञ्चालन गरेको भन्दै कोरमको अभावमा बैठक स्थगनसमेत नभएको दाबी गरिन् । उनले संसदीय अनुगमन प्रभावकारी बनाउन सुझाव दिँदै संयुक्त अनुगमन र निर्देशनका लागिसमेत सुझाव दिइन् । संसदभित्र विज्ञ ‘रोस्टर’को व्यवस्थाका लागि उनले आग्रह गरिन् । सांसद रावलले राष्ट्रियसभाले सदन सञ्चालन समयमै गरर सकारात्मक काम गरेको बताइन् ।

सदस्य नरपति लुवारले सभाको गरिमा बढाउनेगरी काम गर्न नवनिर्वाचित सदस्यलाई सुझाव दिए । उनले संविधानले व्यवस्था गरेका हक कार्यान्वयनको सम्बन्धमा सदन र सरकारको ध्यानार्कषण गराए । सदस्य प्रकाश पन्थले संसद्प्रति सरकारलाई जवाफदेही र जिम्मेवार बनाउन अझ सशक्त भूमिका निर्वाह गर्न सुझाव दिए । उनले सूचना प्रविधिको अधिकतम प्रयोग गर्दै सदन र समितिलाई आधुनिक बनाउँदै लैजानुपर्नेमा जोड दिए । ‘छ वर्षको कार्यकलमा दुईपटक प्रतिनिधिसभा भङ्ग भयो । एकपटक निर्वाचन र तीनपटक प्रतिनिधिसभाविहीन अवस्थामा यस सदनमा हामीले काम गर्नुपर्यो’, सांसद पन्थले भने, ‘दुखद् कुरा, मौलिक हक कार्यान्वयनका लागि आएका विधेयक फटाफट यताबाट आएर उता गए । हामीले छलफल गरेर पास गर्न पाएनौँ । ती सबै विधेयकमा फेरि काम गर्नुपर्ने अवस्था छ ।’ उनले आफूले राष्ट्रिय सरोकार तथा समन्वय समिति र दिगो विकासको सभापतिका रूपमा शतप्रतिशत भूमिका निर्वाह गरेको बताए ।

सदस्य महेशकुमार महराले सभामा सुदूरपश्चिम क्षेत्रको आवाज उठाएको स्मरण गर्दै सरकारले धेरै विषयमा चासो व्यक्त नगरेको बताए । उनले सभाको ओज र गरिमा बढाउनतर्फ सबै लाग्नुपर्ने सुझाव दिए । उनले भने, ‘विगतमा जनसरोकारका मुद्दा उठाउँदा सरकार मौन रहेको देखियो । सांसदले राखेका समस्याप्रति पछिल्लो सरकार गम्भीर हुनुपर्छ ।’ अर्का सदस्य सूर्यबहादुर विश्वकर्माले जनताको आवश्यकता, चाहना र भोगिरहेका समस्या सम्बोधनका लागि सरकार र सदनको ध्यानार्कषण गराएको स्मरण गराए । उनले किसानका समस्या र आवश्यकताबारे सभामुखमार्फत पुनः सरकारको ध्यानार्कषणसमेत गराए । स्थायी सदन भएकाले सरकार र संसद्को आवश्यकताअनुसार जनतालाई अधिकारसम्पन्न बनाउन केन्द्रित हुनुपर्नेमा उनले जोड दिए ।

यस्तै सदस्य हरिराम चौधरीले राष्ट्रिसभाको अस्तित्वबारे उठ्ने प्रश्नलाई चिर्दै यसको गरिमा बढाउन सुझाव दिए । उनले सभाको सदस्यका रूपमा भूमिका निर्वाह गर्ने अवसरकाबारे कृतज्ञता व्यक्त गर्दै भने, ‘यो अवसरमा देशमा व्याप्त रहेको गरिबी, शिक्षा, स्वास्थ्य र रोजगारीदेखि हरेक क्षेत्रमा रहेका समस्याका बारेमा हामीले बहस गर्ने अवसर प्राप्त गर्यौँ ।’ उनले राष्ट्रियसभाभित्र सबै प्रकारका क्लस्टर सुरक्षित गरेता पनि आदिवासी जनजातिको क्लस्टर सुरक्षित गर्न असमर्थक रहेको बताए ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**वीरगंज ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार पनि उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २८ दशमलव ६८ अङ्कले ओरालो लागेर एक हजार नौ सय ७२ दशमलव शून्य नौ मा सिमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक चार दशमलव ७९ अङ्कले ओरालो लागेर तीन सय ५१ दशमलव ६५ मा सिमित भएको छ । बिहीबार कारोबार भएका कूल १३ उपसमूह नै ओरालो लागेको हो । कूल ७४ लाख ४६ हजार नौ सय ९१ कित्ता शेयर रू दुई अर्ब ५९ करोड ८७ लाख ३७ हजार दुई सय २८ मूल्यमा कारोबार भएको छ ।

कारोबारका आधारमा सोनापुर मिनरल्स शीर्ष स्थानमा छ । सो कम्पनीको ११ करोड १३ लाख १० हजार तीन सय ४६ रुपैयाँ बराबरको कारोबार भएको छ ।

जोशी हाइड्रोपावर १० करोड १४ लाख ३३ हजार चार सय ५५ रुपैयाँ, हिमालयन रिइन्स्योरेन्स आठ करोड तीन लाख ३५ हजार रुपैयाँ, हाथवे इन्भेस्टमेन्ट छ केड ५९ लाख ९१ हजार छ सय ९६ रुपैयाँ र शिवम् सिमेन्ट पाँच करोड २१ लाख १२ हजार आठ सय ७० रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । नेप्सेका अनुसार, बोटलर्स नेपाल बालाजुको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । मनकामना स्मार्ट लघुवित्त नौ दशमलव ८६, मानुषी लघुवित्त तीन दशमलव ९८, समाज लघुवित्त तीन दशमलव ९०, एनएमबी–५० का लगानीकर्ताले तीन दशमलव ५९ प्रतिशतले गुमाएका छन् । त्यस्तै, जोशी हाइड्रोपावर १०, अप्पर स्याङ्गे हाइड्रोपावर आठ दशमलव ६२, मैलुङ हाइड्रोपावर आठ दशमलव शून्य एक, इन्वा हाइड्रोपावर सात दशमलव ५८ र एनआइसी एसिया ग्रोथ फण्ड दोस्रोका लगानीकर्ताले सात दशमलव ५७ प्रतिशतले गुमाएका छन् ।

# दुई लाख करदाताले नियमित कर तिर्दैनन्

**रासस**
**काठमाडौँ ।**
काठमाडौँ महानगरपालिकामा करिब दुई लाख करदाताले नियमित कर नतिर्ने गरेको पाइएको छ । कामपामा दर्ता भएका करदाता तीन लाख १२ हजार भए पनि दुई लाखले नियमित कर नतिर्ने बताइएको छ । लामो समयदेखि दर्ता प्रक्रियामा नै नआएर कर तिर्नका लागि आलटाल गरिरहेका करदातालाई नियमअनुसार समावेश गर्नका लागि कामपाले वडास्तरीय अनुगमन गरी नियमसङ्गतरुपमा ल्याउने तयारी गरेको कामपा राजस्व विभाग जनाएको छ ।

यसरी कर तिर्नका लागि आलटाल गर्नेमा सबैभन्दा धेरै बहाल करमा करिब एक लाख करदाता रहेको छन् । त्यस्तै व्यवसाय कर, मनोरञ्जन कर र विज्ञापन करमा एक लाखको हाराहारीमा रहेको कामपा राजस्व विभागका प्रमुख धुरव काफ्लेले जानकारी दिए । उनका अनुसार दर्ता प्रक्रियामा नआएका सबै शीर्षकका करदातालाई नियमअनुसार बनाउनका लागि यसै महिनादेखि कामपाको ३२ वटै वडाबाट नियमित अनुगमन गरी प्रक्रियामा ल्याउने तयारी कामपाको रहेको छ । कामपामा कर तिर्नका लागि दर्ता प्रक्रियामा आएका तर नियमित कर नबुझाउने करदाताबाट पनि दुई अर्ब रुपैयाँ बक्यौता असुल गर्न बाँकी रहेको प्रमुख काफ्लेले जानकारी दिए । उक्त रकम विगत १२ वर्षदेखिको रहेको कामपाको भनाइ छ । दर्ता गरेर पनि नियमअनुसार कर नतिरेका करदाताका लागि कामपाले चालु आर्थिक वर्षको साउन महिनादेखि पुस मसान्तसम्म तिर्नुपर्ने रकममा केही छुट दिएको थियो ।

सोही अवधिमा दर्ता प्रक्रियामा रहेको केही करदाताले कर तिरेका भए पनि अझै धेरै करदाताले तिर्नका लागि आलटाल गरिरहेका छन् । दुई वर्षअघि पनि कामपाले २८ वर्षदेखिको बक्यौता रकम असुल गर्न भन्दै त्यस्ता करदाताको नाम नै सार्वजनिक गरेको थियो । उक्त समयमा घरजगगा र सम्पत्ति कर नतिर्ने ठूला करदाताको नाम सार्वजनिक गरेसँगै सम्पर्कमा आउने र बक्यौता तिर्ने क्रम बढेको भए पनि अहिले बक्यौता तीर्ने क्रम ठप्पजस्तै रहेको काफ्लेको भनाइ छ । चालु आवका लागि जम्मा दश अर्ब ८० करोड रुपैयाँ वार्षिक लक्ष्य लिएको कामपाले चालु आर्थिक महिनाको अवधि पार गरिसक्दा पाँच अर्ब ८० करोड ५१ लाख ९० हजार रुपैयाँ राजस्व असुल गरेको छ । चालु आवको अर्ध वार्षिक अवधिसम्म कामपाको राजस्व सङ्कलनको अवस्था राम्रो रहे पनि पछिल्लो माघ महिनामा कामपाको आम्दानी अन्य महिनाको तुलनामा घटेको छ ।

# अर्थतन्त्रलाई थप गतिशील बनाउनुपर्नेमा जोड



**रासस**
**काठमाडौँ ।**
सांसदहरुले मुलुकको अर्थतन्त्रलाई थप गतिशील बनाउन सरकार र निजी क्षेत्रको साझेदारितालाई फराकिलो बनाएर लैजानुपर्नेमा जोड दिएका छन् । राज्य व्यवस्था तथा सुशासन समितिको बिहीबारको बैठकमा सम्पत्ति शद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागको कामकारबाहीका सम्बन्धमा छलफलका क्रममा सांसदहरुले राजस्व चुहावट नियन्त्रण, सम्पत्ति शुद्धीकरण र कर छलिबारे नकारात्मक धारणा बनिरहेको भन्दै यसका लागि नीतिगत सुधार जरुरी भएको उल्लेख गरे । सांसदहरुले राजस्व विभाग र सम्पत्ति शुिद्धकरणको विषयलाई प्रविधिमैत्री र प्रभावकारी बनाउन भनिरहँदा निजी क्षेत्रका व्यवसायीले भने नियमनकारी निकायको दोहोरो तेहोरो दबदबा, व्यवसायीलाई प्रोत्साहन गर्ने कानुनअभाव जस्ता गुनासा पोखे । जवाफमा सांसदहरुले दुबै विभागका कामलाई चुस्त र प्रभावकारी बनाउन एवं व्यवसायमैत्री वातावरण बनाउन सरकार र निजी क्षेत्र दुबैको प्रभावकारी समन्वय तथा सहकार्य जरुरी भएको औँल्याए ।

समितिका सदस्य एवं नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले राजस्व चुहावट नियन्त्रण गर्न र दुबै विभागको कामलाई प्रभावकारी बनाउन समयानुकूल कानुन निर्माण जरुरी भएको बताए । नेकपा (माओवादी केन्द्र) का मुख्य सचेतक हितराज पाण्डेले राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण विभागको कामलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए । नेकपा (एमाले) का उपमहासचिव पृथ्वीसुब्बा गुरुङले कानुनी त्रुटि सुधारेर विभागका कामलाई पारदर्शी र प्रभावकारी बनाइनुपर्ने धारणा राखे । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले उद्योगी व्यवसायमैत्री वातावरण बनाउन सरकारले ध्यान दिनुपर्ने खाँचो औँल्याए ।

सांसदहरु दिलेन्द्रप्रसाद बडू, रघुजी पन्त, चन्दा कार्की, सर्वेन्द्रनाथ शुक्ला, राजेन्द्रप्रसाद पाण्डे, सरिता प्रसाइँ, अम्बिका बस्नेत, दुर्गा राई, बुद्धिमान तामाङलगायतले अर्थतन्त्रलाई गतिशील बनाउन कानुनी सुधार गर्दै लगानीमैत्री वातावरण बनाउन सरकारको ध्यानाकर्षण गराए । कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले आर्थिक मुद्दामा सबै राजनीतिक दल एकताबद्ध हुनुपर्ने र समग्र अर्थतन्त्रमा निजी क्षेत्रलाई विश्वासको वातावरण बढाउनेतर्फ ध्यान दिनुपर्ने सुझाव दिए । उनले निजी क्षेत्र प्रोत्साहित हुने नीतिगत र संरचनागत सुधार जरुरी भएको उल्लेख गरे ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवालले नियमनकारी निकायको बुब्लिकेसनले उद्योगी व्यवसायी र जनताले समस्या भोगिरहेको उल्लेख गर्दै सम्पत्ति शुद्धीकरणको विषय अलग–अलग निकायले हेर्नुपर्ने धारणा राखे । निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले राजस्व परिचालन सही नहुँदा निर्माण व्यावसायको काममा ढिलासुस्ती भएको दाबी गरे । नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेन्द्र मल्लले धेरै नियमनकारी निकाय हुँदा उद्योगी व्यवसायी समस्यामा पर्नेगरेको भन्दै एकद्वार प्रणालीबाट सेवा प्रवाह हुनुपर्नेमा जोड दिए । राजस्व अनुसन्धान विभागका महानिर्देशक नवराज ढुङ्गानाले राजस्व चुहावट नियन्त्रण, अनुसन्धानलाई विश्वसनीय र वस्तुपरक बनाउन विभाग सक्रिय ढङ्गले लागेको बताए । सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक पुष्पराज शाहीले आर्थिक सुशासन कायम गर्न विभागले सक्रिय रुपमा काम गरिरहेको बताए । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यलयका सचिव लीलादेवी गडतौलाले निजी क्षेत्रमैत्री कानुन निर्माणलाई जोड दिएको बताइन् । उनले सम्पत्ति शुद्धीकरण र राजस्व विभागलाई निजी क्षेत्रमैत्री बनाएर आर्थिक सुशासन प्रवद्र्धनका लागि सहजीकरण गरिएको उल्लेख गरिन् । समितिका सभापति रामहरि खतिवडाले उद्योगी व्यवसायीमैत्री कानुन निर्माण र सेवा प्रवाहका सन्दर्भमा निजी क्षेत्रले भोगेका समस्या तथा समाधानका लागि सरकारी निकायले गरिरहेका पहलका विषयमा समितिले सम्बद्ध पक्षसँग छलफल गरेको बताए । उपयुक्त विषयमा पुनः छलफल गरेर समितिले सरकारलाई आवश्यक निर्देशन दिने उँले उल्लेख गरे । सभापति खतिवडाले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागले व्यवसायमैत्री वातावरणका साथ आफ्ना काम कारबाही अगाडि बढाउन आग्रह गरे ।

# जाउलाखेललाई हराउँदै एनआरटी फाइनलमा

**रासस**
**काठमाडौं ।**
न्युरोड टिम (एनआरटी)जावलाखेल युथ क्लबलाई पराजित गर्दै केपी ओली कप राष्ट्रिय फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । दशरथ रङ्गशालामा बिहीबार भएको खेलमा एनआरटीले जाउलाखेलमाथि ३–० गोलअन्तरको जित निकाल्दै प्रतियोगिताको फाइनलमा पुगेको हो । एनआरटीको जितमा सञ्जिव विष्टले दुई गोल गरे भने विवेक गुरुङले एक गोल थपे । खेल सुरु भएको पाँच मिनेटमै विवेकले गोल गर्दै एनआरटीलाई अग्रता दिलाए भने खेलको ५०औँ मिनेटमा सञ्जिवले अर्को गोल गरेर टोलीको अग्रतालाई अझ अघि बढाए ।

पहिलो गोल गरेको सात मिनेटपछि सन्ञ्विले पुनः दोस्रो गोल गरे । त्यसपछि खेलमा कुनै गोल हुन सकेन र एनआरटीको जित सुनिश्चित भयो । यसअघि एनआरटी थ्री स्टारलाई १–० तथा जावलाखेल आयोजक केपी ओली एफसीलाई २–१ ले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेका हुन् ।

प्रतियोगितामा विजयी हुने टोलीले ११ लाख रुपैयाँ तथा दोस्रो स्थान हासिल गर्ने टोलीले पाँच लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन् ।

# राजकुमार ह्यारीले गरेको याचनाको विपक्षमा फैसला



**एएफपी**
**लण्डन ।**
बेलायती राजकुमार ह्यारीले शाही जिम्मेवारीबाट पछि हटेपछि करदाताको आर्थिक सहायता सुरक्षा फिर्ता लिने बेलायत सरकारको निर्णयविरुद्ध अदालतमा दायर गरेको मुद्दा हारेपछि उनले कानूनी सङ्कटको सामना गर्नुपरेको सीएनएन टेलिभिजनले जनाएको छ । सन् २०२० को फेब्रअरीमा बेलायती राजकुमार ह्यारीले देशमा नरहँदा अन्य राजपरिवार सदस्यले पाउने जति 'कर छुट' नपाउने निर्णय भएपछि गृह मन्त्रालयविरुद्ध उनले कानूनी लडाइ सुरु गरेका थिए ।

बेलायती समाचार संस्था पीएलाई उद्धृत गर्दै सीएनएनले भनेको छ, 'डिसेम्बरमा अदालतको सुनुवाइका क्रममा ह्यारीका वकिलले ह्यारीबारे गरेको निर्णयले राजकुमार ह्यारीप्रति पक्षपातपूर्ण व्यवहार गरेको तर्क गरेका थिए ।' पीएका अनुसार जुलाई २०२० देखि आफ्नी पत्नी मेगनसँग क्यालिफोर्नियामा बस्दै आएका ह्यारीमाथि 'सफल आक्रमण' भएको तर यसले बेलायतको प्रतिष्ठामा पर्न सक्ने सम्भावित असरबारे पनि वकिलहरूले विचार गर्न नसकेको ह्यारीका कानूनी सहयोगीले बताएका छन् । अदालतले उक्त निर्णय न्यायोचित र प्रक्रियागत अन्यायरहित फैसला भएको जनाएको छ । यो झट्काका बावजुद राजकुमार ह्यारीका कानुनी प्रवक्ताले फैसलाबारे अपिल गर्ने आफ्नो मनसाय व्यक्त गरेका छन् । 'ड्यूकले प्राथमिकताको उपचारको लागि माग गरिरहनुभएको छैन, तर सफ्टवेयर विकास र सूचना प्रविधिबारे काम गर्ने कम्पनी ¥याभेकको आफ्नै नियमहरूको निष्पक्ष र कानुनी अनुप्रयोगको लागि यो सुनिश्चित गर्दै कम्पनीको◌े लिखित नीति अनुसार काम गर्नु उचित हुनेछ' ह्यारीका कानुनी प्रवक्ताले सीएनएनसँग भने ।

फैसलापछि गृह मन्त्रालयका प्रवक्ताले सीएनएनसँग भने, 'हामी खुसी छौं कि अदालतले यस मामिलामा सरकारको स्थितिको पक्षमा फैसला गरेको छ, र हामी सावधानीपूर्वक हाम्रो अर्को कदमहरूबारे विचार गरिरहेका छौं । फैसलाबारे थप टिप्पणी गर्नु अनुपयुक्त हुनेछ ।' बेलायत सरकारको संरक्षणात्मक सुरक्षा प्रणाली कठोर र समानुपातिक छ । ती प्रबन्धहरूको विस्तृत जानकारी नदिनु हाम्रो लामो समयदेखिको नीति हो, किनकि यसो गर्दा तिनीहरूको निष्ठामा आँच आउन सक्छ र व्यक्तिको सुरक्षामा असर पर्न सक्छ । अक्सर आफ्नी पत्नीको उपचार र आफ्नी स्वर्गीय आमा राजकुमारी डायनाले सामना गर्नुपरेको चुनौतीहरूको बीचमा समानताहरू चित्रण गर्दै राजकुमार ह्यारीले आफ्नो परिवारको सुरक्षाको बारेमा आवाज उठाउँदै आएका छन् । यो मुद्दा बेलायतमा राजकुमार ह्यारीसँग सम्बन्धित धेरै मुद्दाहरूमध्ये एक हो ।

सन् २०२३ को मे महिनामा राजकुमार ह्यारीले बेलायतमा रहँदा आफ्नो प्रहरी सुरक्षाका लागि व्यक्तिगत रूपमा भुक्तानी गर्ने छुट्टै अधिकारको माग गर्दै गरेको निवेदनमा एउटा अर्को कानुनी झड्काको सामना गर्नुपरेको थियो । बेलायतको गृह मन्त्रालयले धनी व्यक्तिहरूलाई विशेष प्रहरी अधिकारीहरूबाट संरक्षणात्मक सुरक्षा खरिद गर्न अनुमति नदिने तर्क गरेको थियो । सोही वर्षको जनवरीमा राजकुमार ह्यारीले एसोसिएटेड न्यूजपेपर्स लिमिटेड (एएनएल) विरुद्ध मानहानिको मुद्दा दायर गरेका थिए ।

सन् २०२२ को फेब्रुअरीमा बेलायती राजकुमार ह्यारीले बेलायत भ्रमणका क्रममा सुरक्षा व्यवस्थाका सम्बन्धमा गृह मन्त्रालयविरुद्ध दायर गरेको मुद्दासँग सम्बन्धित थियो । डिसेम्बर २०२३ मा लण्डनको उच्च अदालतले राजकुमार ह्यारीलाई प्रकाशक 'मिरर ग्रुप न्यूजपेपर्स (एमजीएन)' द्वारा फोन ह्याकिङ र अन्य 'गैरकानूनी सूचना सङ्कलन' को शिकार भएको फैसला सुनाएको थियो ।

# नेदरल्यान्ड्ससँग नामिबिया पराजित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
काठमाडौँमा जारी त्रिकोणात्मक अन्तर्राष्ट्रिय ट्वान्टी–२० शृंखलाअन्तर्गत बिहीबार भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई ५९ रनले पराजित गर्दै विजयी भएको छ ।

माइकल लेभिट र साइब्रान्ड एङ्गेलब्रेख्तको उत्कृष्ट ब्याटिङमा नेदरल्यान्ड्सले नामिबियालाई जितका लागि दुई सय ४८ रनको लक्ष्य दिएको थियो । जवाफमा नामिबियाले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ८८ रनमा समेटियो ।

नामिबियाका लागि जान फ्रिलिङक र जान ग्रिनले समान ४२÷४२ रनको योगदान दिए । त्यसैगरी जेपी कोटेजले २६ रन जोड्दा जेजे स्मिथ र रुबेन ट्रम्पलम्यानले समान १९÷१९ रन बनाए । बलिङतर्फ नेदरल्यान्ड्सका टिम भान डर गुगटेनले दुई विकेट लिए भने याब्रान्ड एंगेलब्रेक्ट, रोलेफ भान डर मर्वेल, भिभियन किंग्मा र आर्यन दत्तले समान एक/एक विकेट लिए ।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ रोजेको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा पाँच विकेट गुमाउँदै दुई सय ४७ रनको योगफल बनाएको थियो । नेदरल्यान्ड्सका लागि माइकल लेभिटले ६२ बलमा ११ चौका र १० छक्काको मद्दतले सर्वाधिक एक सय ३५ रनको योगदान दिएका थिए । त्यसैगरी साइब्रान्ड एङ्गेलब्रेख्तले ४० बलमा सात चौका र पाँच छक्काको मद्दतले ७५ रन जोडे ।

तेजा निदामनुरुले १८ रन बनाए । दोस्रो विकेटका लागि लेभिट र एङ्गेलब्रेख्तले एक सय ९३ रनको साझेदारी गरेका थिए । नामिबियाका लागि रुबेन ट्रम्पलम्यानले दुई विकेट लिए भने जान फ्रेइलिङ्कले र बेन सिकोन्गोले समान एक÷एक विकेट लिए । योजितसँगै नेदरल्यान्ड्सले दोस्रो जित दर्ता गराएको छ । यसअघि भएको खेलमा नेदरल्यान्ड्सले नेपाललाई पराजित गरेको थियो । उक्त प्रतियोगिताअन्तर्गत शुक्रबार नेपालले नामिबियासँग खेल्नेछ ।

# बेनी नगरपालिकाभित्र हुक्का सेवन गर्न निषेध

**रासस**
**म्याग्दी ।**
म्याग्दीको बेनी नगरपालिका क्षेत्रभित्र हुक्कालाई प्रतिबन्ध (निषेध) गरिएको छ । सुर्तीको धुलो खुदोमा मिसाएर बनाइएको धूमपान गर्ने वस्तु हुक्का (तमाखु)ले जनस्वास्थ्यमा गम्भीर असर पार्ने र युवायुवतीलाई कुलतमा लगाउने गरेको निष्कर्ष निकाल्दै नगरपालिकाले बुधबारदेखि हुक्का सेवन र बेचबिखनमा प्रतिबन्ध लगाएको हो ।

गत माघ २५ गतेको नगर कार्यपालिकाको बैठकले गरेको निर्णयअनुसार हुक्कालाई पूर्णरुपमा बिक्री वितरण र सेवनमा निषेध गरिएको नगर प्रमुख सुरत केसीले जानकारी दिए । पछिल्लो समय बजार क्षेत्रमा युवायुवती हुक्का सेवनका कुलतमा फस्दै गएका थिए । युवायुवतीलाई कुलतमा लैजान हुक्काले प्रत्यक्ष प्रभाव पारेपछि नगरपालिकाले नीतिगत निर्णय गरी आवश्यक छलफल र तयारीका साथ हुक्का सेवन र बिक्री वितरणमा निषेध गरिएको उनले बताए । नगरपालिकाले सार्वजनिक सूचना नै जारी गरेर हुक्का सेवन एवम् बिक्री वितरणमा रोक लगाएको जनाएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को नगरपालिकाको काम, कर्तव्य र अधिकारमध्ये दफा ११ को उपदफा २ खण्ड (ञ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाइअन्तर्गत रही स्थानीय वातावरणमा र मानव स्वास्थ्यमा प्रतिकूल असर गर्ने भएकाले हुक्कालाई पूर्णरुपमा निषेध गर्ने निर्णय गरिएको नगरपालिकाले जारी सूचनामा उल्लेख छ ।

कसैले अवज्ञा गरी हुक्का बिक्री वितरण गरेको पाइएमा सुरक्षा निकाय र नगर प्रहरीमार्फत जफत गरी कानुनअनुसार अधिकतम कारबाही गरिने व्यवस्थासमेत गरिएको प्रमुख प्रशासकीय अधिकृत नेत्र पौडेलले जानकारी दिए । नगरपालिकामा हुक्का निषेधसँगै जिल्ला प्रशासन, प्रहरीसहितको अनुगमन र समुदायस्तरमा समेत हुक्काको प्रयोगलाई निरुत्साहितसहितको सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने नगरपालिकाले जनाएको छ । यसअघि नगरपालिकाले जनप्रतिनिधि, नगरभित्रका होटल तथा रेष्टुराँ व्यवसायीसँग समेत छलफल गरेर हुक्कालाई प्रतिबन्ध लगाउने योजनालाई अघि बढाएको थियो ।

# कैदीबन्दीको बिलौनाः ढाकाटोपी बिक्री नहुँदा कारागारमै थन्कियो



**रासस**
**खोटाङ ।**
जिल्ला कारागार खोटाङका अधिकांश कैदीबन्दी केही न केही व्यावसायिक काममा आबद्ध छन् । केहीले धागो प्रयोग गरेर ढाकाटोपी, रुमाल, सल र पर्स बुन्छन् भने केहीले बाँसका चोया तथा भाटा प्रयोग गरेर घरायसी सामग्री निर्माण गर्छन् । विभिन्न मुद्दामा जेल भुक्तान गरिरहेका कैदीबन्दीलाई सिर्जनशील तथा व्यावसायिक बनाउन विभिन्न दातृ निकायले निःशुल्क औजारसमेत उपलब्ध गराएका छन् । दातृ निकायले उपलब्ध गराएको घरेलु तथा आधुनिक औजार प्रयोग गरेर उनीहरूले धागोबाट निर्माण गरिने ढाकाटोपी, रुमाल, सल र पर्स, बाँसका चोयाबाट निर्माण गरिने नाङ्लो, डालो, फिपी तथा बाँसकै भाटाबाट निर्माण गरिने मुडा, कुर्सी, टेबललगायतका घरायसी सामग्री उत्पादन गर्छन् । कैदीबन्दीले उत्पादन गरेका सामग्रीमध्ये बाँसका सामग्रीले राम्रो बजार मूल्य पाउने गरे पनि ढाकाटोपी तथा सल र पर्स भने बिक्री नभएको गुनासो आउने गरेको जेलर सोमप्रसाद आचार्यले बताएका छन् । 'जिल्ला कारागारमा एक सय ५६ जना कैदीबन्दी छन् । उनीहरू सबैजना केही न केही व्यावसायिक काममा आबद्ध छन् । धागोका काम गर्ने ४५ देखि ५० कैदीबन्दी छन् । उनीहरूले उत्पादन गरेका ढाकाटोपी बिक्री भएको छैन भन्ने छ', उनले भने, 'बजारमा सस्तो मूल्यको रेडिमेड (तयार गरिएको) ढाकाटोपी पाउँछ । कारागारका कैदीबन्दीले उत्पादन गरेजस्तो गुणस्तरीय पनि छैन । तर मान्छेले सोही सस्तो मूल्यको ढाकाटोपी खरिद गर्दा कारागारका कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपी बिक्री नभएको हो भन्ने हाम्रो ठम्याइ छ ।' आफूहरूले उत्पादन गरेका ढाकाटोपी प्रतिगोटा फरक–फरक गुणस्तरको फरक–फरक मूल्य तीन सय, छ सय र आठ सय रुपैयाँमा बिक्री गर्ने गरिएको कैदीबन्दीले बताएका छन् । जबकि, कारागारका कैदीबन्दीले उत्पादन गरेका सोही ढाकाटोपी दिक्तेल बजारमा सञ्चालित टेलर्स सञ्चालकले एक हजार पाँच सय रुपैयाँसम्ममा बिक्री गर्दै आएका छन् । कारागारमा रहेका कैदीबन्दीमध्ये ४३ जनाले ढाकाटोपी, सल र पर्स पाँच–पाँच जना तथा रुमाल तीन जनाले बुन्ने गरेको जनाइएको छ । उनीहरूले उत्पादन गरेका ढाकाटोपी दिक्तेल बजारका विभिन्न पसल, त्रिधार्मिकस्थल हलेसी, ऐसेलुखर्क लगायतका हाटबजारमा व्यापारीहरूले बिक्रीका लागि लैजाने गरेका छन् । यद्यपि त्योभन्दा सस्तो मूल्यमा बाहिरबाट आउने कम गुणस्तरको रेडिमेड टोपीका कारण कारागारका कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपीले बजार नपाएको जनाइएको छ । कैदीबन्दीले उत्पादन गरेका ढाकाटोपी बिक्रीका लागि आफूहरूले समेत बजार तथा ग्राहक खोजी गरिदिने गरेको जेलर आचार्यले बताए । कारागार अनुगमन तथा भेटघाटका लागि आउनेलाई चिनोका रूपमा कैदीबन्दीले नै उत्पादन गरेका ढाकाटोपी खरिद गरेर दिने गरिएको जेलर आचार्यको भनाइ छ । आफूहरूले उत्पादन गरेका ढाकाटोपी बिक्री नभएपछि करिब तीन हजार थान गोदाममा थन्कयाएर राखिएको चौकीदार कर्णबहादुर बस्नेतले बताए । 'अधिकांश कैदीबन्दी सिर्जनशील तथा व्यावसायिक काममा आबद्ध छौँ । तर हामीले उत्पादन गरेका सामग्रीले बजार नपाउँदा समस्या भएको छ । परिबन्दले हामी जेलजीवन बिताउन बाध्य छौँ । हाम्रा पनि घरपरिवार छन् । उनीहरूको गर्जो टार्नकै लागि भए पनि व्यावसायिक काम गर्छौँ । तर बिक्री नहुँदा समस्या भएको छ', उनले भने, 'हामीले उत्पादन गरेका सामग्रीलाई बजारीकरण गर्न सबैको सहयोग आवश्यक छ । यसमा स्थानीय तथा सङ्घीय सरकारले समेत ध्यान दिन जरुरी छ ।' कारागारमा रहेका कैदीबन्दीमध्ये बाँसका सामग्री निर्माण गर्ने कैदीबन्दीले भने राम्रो आम्दानी गर्ने गरेको जेलर आचार्यले बताएका छन् । 'कैदीबन्दीले उत्पादन गरेका बाँसका सामग्री जिल्लाभित्र तथा बाहिरसमेत निर्यात हुने गरेको छ । उनीहरूले उत्पादन गरेका बाँसका सामग्रीमध्ये पनि सबैभन्दा बढी मुडा बिक्री हुने गरेको पाइएको छ', उनले भने, 'मुडा उत्पादन गर्ने कैदीबन्दीलाई भ्यानभ्याई भएको देखिन्छ । उनीहरूले पकेट खर्च गरेर पनि मासिक सात–आठ हजार रुपैयाँ बचत गर्ने गरेको पाइएको छ ।' बाँसको सिन्का (भाटा खिपेर निर्माण गरिने सानो आकारको डण्डी) बाट निर्माण गरिने १७ इन्चको मुडा छ सय, १८ इन्चको सात सय र २४ इन्चको एक हजार दुई सय रुपैयाँमा बिक्री गर्दै आएका छन् । कारागारमा बाँसका चोया तथा भाटा प्रयोग गरेर घरायसी सामग्री बनाउने कैदीबन्दी ३५ जना रहेका छन् । कैदैबन्दीमध्ये कतिपयले काठका फर्निचरसमेत निर्माण गर्ने गरेका छन् । उनीहरूले बाहिरबाट खरिद गरेर ल्याइएका काठबाट टेबल, कुर्सी, दराजलगायतका सामग्री निर्माण गरेर बिक्री गर्ने गरेको कारागारले जनाएको छ । महिला ३३ र पुरुष ६६ जनागरी ९९ जना कैदीबन्दीका लागि निर्माण गरिएको कारागारमा अहिले महिला छ जना तथा पुरुष एक सय ५० जना रहेका छन् । दिक्तेलस्थित थामखोरेमा रहेको जिल्ला कारागारको भवन तथा पर्खाल जीर्ण छ ।

# सामुदायिक विद्यालयका भवन राम्रा बने विद्यार्थीको आकर्षण बढेन

**रासस**
**मन्थली ।**
विसं २०७२ वशाख १२ को विनाशकारी भूकम्पले क्षति पु¥याएका सामुदायिक विद्यालयका भौतिक संरचना आकर्षक निर्माण भएका छन् । विद्यालय भवन आकर्षक बने तापनि त्यहाँ अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या न्यून हुँदै जाँदा ती संरचनाको उपयोग कम हुन थालेकामा सरोकारवालाले चिन्ता व्यक्त गरेका छन् । रामेछापका ८७ माध्यमिक विद्यालयको नयाँ भवन बनेका थिए । ती विद्यालयमा विद्यार्थीको सङ्ख्या दिनानुदिन घट्दै गएकोप्रति सरोकारवालाले चिन्ता व्यक्त गरेका हुन् । शैक्षिक गुणस्तर नहुनु, जनसङ्ख्या वृद्धिदर न्यून हुनु र सामुदायिक विद्यालयमा राजनीतिक हस्तक्षेप हुनु लगायतका कारणले सामुदायिक विद्यालयमा विद्यार्थी घट्नुका मुख्य कारण भएको जिल्ला शिक्षा तथा समन्वय एकाइ रामेछापका प्रमुख भरतबहादुर भट्टराईले बताए । यसअघि जिल्लामा चार सयभन्दा बढी विद्यालय भए पनि विद्यार्थी कम भएकै कारण समायोजन भएर तीन सय ६० को सङ्ख्यामा झारिएका थिए । तर अझै विद्यार्थीको अभावमा ती विद्यालय एकअर्कामा समायोजन भई घट्ने अवस्था रहेको छ । यस्ता विद्यालयको शैक्षिक गुणस्तर खस्कँदै जान लागेपछि सुधारको प्रयासका लागि जिल्ला शिक्षा समन्वय एकाइ, विभिन्न पालिकामार्फत हुने गरेका तालिम, गोष्ठी, अन्तक्रिरया एवम् छलफलले पनि खासै काम गर्न सकेको छैन । पूर्वशिक्षक गुञ्जबहादुर श्रेष्ठले सामुदायिक विद्यालयमा गुणस्तरीय अध्यापन नहुने र गाउँमा समानुपतिक विकास नहुनुनै सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या घट्दै जाने गरेको बताए । जिल्लामा पाँच नमूना माध्यमिक विद्यालय छन् एक÷दुई वटाबाहेक ती विद्यालयले पनि खासै गुणस्तरीय शिक्षा दिन नसक्दा विद्यार्थी आकर्षण गर्न सकेका छैनन् । मुलुक सङ्घीय संरचनामा गएसँगै तत्कालीन जिल्ला शिक्षा कार्यालयले अनुगमन तथा नियमन गर्ने गरेका सबै विद्यालयसँग सम्बन्धित काम पालिकास्तरीय शिक्षा शाखाले गर्न थालेपछि भने अझै शैक्षिक गुणस्तर खस्कँदै गएको जनाइएको छ ।



माध्यमिक तहसम्म निःशुल्क शिक्षा भने पनि सामुदायिक विद्यालयले पनि जथाभावी विभिन्न बहानामा शुल्क असुल्ने गरेको र घरमा रहेका आफूजस्ता अभिभावक सौखिन भएका कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या नबढेको अभिभावक शान्ति प्रकाश दाहालले जानकारी दिए । सबै तहका सामुदायिक विद्यालयमा अङ्ग्रेजी माध्यमबाट पढाउने खालको दक्ष शिक्षक नहुनु, शिक्षकले आफ्ना छोराछोरीलाई आफूले पढाउने विद्यालयमा नपढाउनु, शिक्षक नियुक्ति गर्दा अनुभवी र दक्ष एवम् राम्रा शिक्षकलाई भन्दा हाम्रा÷९आफ्ना, आफन्त० शिक्षकलाई प्रक्रिया मिलाएर नियुक्ति गर्ने गलत अभ्यास बढेको जनाइएको छ । अभिभावक सञ्जय वाग्लेले शिक्षक सेवा आयोगबाट आधारभूत वा माध्यमिक तह पास गरेर आएका शिक्षकमध्ये पनि पहुँचवालालाई मात्र आफ्नो पालिकामा ल्याउन पहल गर्नु नै शैक्षिक गुणस्तर खस्कनु र विद्यार्थीको सङ्ख्या घट्नुका कारण भएको बताए । यसो त कक्षा १ देखि १२, सम्म निःशुल्क पाठ्यपुस्तक, ५ कक्षासम्म दिवा खाजाको व्यवस्था, टोलटोलबाट विद्यार्थी ल्याउन विद्यालयमा बसलगायतका सुविधा पनि नभएको भने होइत तर यी सुविधा हुँदाहूँदै पनि विद्यार्थीको सामुदायिक विद्यालयमा आकर्षण बढ्न सकेको छैन । संस्थागत विद्यालयसँग नमूना माविको रुपमा रहेको मन्थली मावि मन्थली र मावि डहुलेभन्दा बाहेकका अन्य माध्यमिक विद्यालयले गुणस्तरमा भने प्रतिस्पर्धा गर्न सकेका छैनन् । त्यही कारण पनि सामुदायिक विद्यालयमा विद्यार्थीको सङ्ख्या बढ्न नसकेको हो । आफूले पढाउने विद्यालयमा आफ्ना बालबालिका अधिकांश शिक्षकले नपढाउने गरेकाले पनि शैक्षिक गुणस्तर खस्केको अभिभावकको आरोप छ । दक्ष तथा अनुभवी एवम् युवापुस्ताका शिक्षकलाई नयाँ नियुक्ति दिने र २० वर्ष वा सोभन्दा बढी समयसम्म शिक्षण गरेका शिक्षकलाई पेन्सन दिनुपर्ने अभिभावक नारायणबाबु बस्नेतले बताए ।

# टीकापुरमा सरुवा रोग अनुसन्धान केन्द्र निर्माण

**रासस**
**कैलाली ।**
सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशमा सरुवा रोग अनुसन्धान केन्द्रको स्थापना गर्ने भएको छ । यसका लागि प्रदेशले पहिलो चरणको संरचना निर्माणको काम यसै वर्ष सम्पन्न गर्ने गरी तयारी थालिएको छ । सङ्घीय सरकारले प्रदेशको डोटीमा सरुवा रोग अनुसन्धान केन्द्र सञ्चालनमा ल्याउने गरी काम गरिरहेका बेला प्रदेश सरकारले प्रदेशस्तरीय सरुवा रोग अनुसन्धान केन्द्र कैलालीको टीकापुरमा बनाउने निर्णय गरेको थियो । प्रदेशको सामाजिक विकास मन्त्रालयअन्तर्गत २०७८ सालमा भवन निर्माणको काम थालिएको थियो । तत्कालीन समयमा अन्तिममा भवन निर्माणको काम सुरु भएपछि काम समयमा सम्पन्न हुन नसक्दा भवन निर्माणको काम एक वर्ष पछाडि धकेलिएको थियो । दुई करोड रुपैयाँको लगानीमा पहिलो दुई तलासम्मको काम भएको भवनको यस वर्ष बाँकी काम सम्पन्न गरेर सञ्चालनको प्रक्रियामा लैजाने तयारी प्रदेशको रहेको छ ।

यस वर्ष प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले भवनको बाँकी कामको लागि दुई करोड बजेट विनियोजन गरेको छ । विनियोजन भएको बजेट बोलपत्र प्रक्रियामा गएर सम्झौताको लागि निर्माणका लागि छनोट भएको निर्माण कम्पनीलाई पत्र पठाइसकेको मन्त्रालयका इन्जिनियर होमराज तिमिल्सिनाले जानकारी दिएका छन् । 'मन्त्रालयले दुई करोडको टेन्डर आह्वान गरेकोमा १२ कम्पनीले सिलबन्दी बोलपत्र पेस गर्नुभएको थियो । त्यसबाट बिबि खप्तड जेभीले भवनको काम पाएको छ ।' उनले भने, 'चालु आवभित्र संरचनाको काम सम्पन्न हुने गरी मन्त्रालयले निर्माण कम्पनीले सम्झौता गर्नेछ ।' उनका अनुसार ठेक्का पाएको निर्माण कम्पनीले करिब ३२ प्रतिशत कम रकममा बोलपत्र पेस गरेको छ । संरचनाको काम सम्पन्न भएपछि सरुवा रोग अनुसन्धान केन्द्र सञ्चालनको आवश्यक प्रक्रिया अगाडि बढाइने



सामाजिक मन्त्रालयका सचिव गणेश सिंहले बताए । उनले अहिले भवन निर्माणकै चरणमै रहेको जनाउँदै त्यसपछि जनशक्ति व्यवस्थापनका लागि मन्त्रालयले काम अगाडि बढाउने बताएका छन् । 'प्रदेशका लागि सरुवा रोग अनुसन्धान केन्द्र एउटा महत्वपूर्ण संरचना हो ।

त्यसलाई महत्वका साथ हेरिएको छ', उनले भने, 'चालु आवमा भवन निर्माणको काम सकिएपछि नयाँ आवमा त्यसको नयाँ योजना तयार हुनेछ ।' उनले सरुवा रोग अनुसन्धान केन्द्रले प्रदेशको स्वास्थ्य क्षेत्रलाई थप उचाइमा पु¥याउने विश्वास व्यक्त गरे । टीकापुर अस्पताल परिसरभित्र निर्माण हुन लागेको सरुवा रोग अनुसन्धान केन्द्रले टीकापुर अस्पतालको स्तरोन्नतिमा समेत मद्दत पुग्ने विश्वास गरिएको छ । अनुसन्धान केन्द्र टीकापुरमा स्थापना हुनु सुखद् पक्ष भएको जनाउँदै टीकापुर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष झपटबहादुर सोडारीले छिटो सञ्चालनमा ल्याउनुपर्नेमा जोड दिएका छन् । 'सरुवा रोग अनुसन्धान केन्द्र सञ्चालनमा आउन आक्यो भने त्यसले टीकापुर अस्पताललाई पनि फाइदा पुग्नेछ ।' अस्पताल व्यवस्थापन समितिका उनले भने, 'स्वास्थ्य क्षेत्रको विकासमा पनि सरुवा रोग अनुसन्धान केन्द्रले टेवा पुग्नेछ ।' प्रदेश सरकारलाई स्वास्थ्य क्षेत्रमा मजबुत बनाउने काममा सरुवा रोग अनुसन्धान केन्द्रले सहयोग पुग्ने विश्वास अध्यक्ष सोडारीले गरेका छन् । उनले टीकापुर अस्पताल कैलालीको पुर्वी क्षेत्रलगायत कर्णाली र लुम्बिनी प्रदेशका सेवाग्राहीका लागि पनि महत्वपूर्ण रहेको बताए । 'प्रदेशको मातहतमा रहेको टीकापुर अस्पतालले यतिबेला छ किसिमका विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ । सेवा विस्तारको क्रममा अस्पतालले स्थानीय तहसँग पनि समन्वय गर्दै आएको छ ।' अध्यक्ष सोडारीले भने, 'अस्पतालमा भवनको अभाव र उपचारका लागि उपकरणको अभाव छ । त्यसको समाधानका लागि पनि भोलिका दिनमा सरुवा रोग अनुसन्धान केन्द्र बन्यो भने प्रदेशको ध्यान त्यसमा जाने म बेला अस्पतालमा समेत पुग्ने विश्वास छ ।'

# कुटानी मिलमा दक्ष कामदारको अभाव

**रासस**
**टीकापुर ।**
कैलालीको टीकापुर नगरपालिकाभरि सयभन्दा बढी कुटानी पिसानी र पेलानीको काम गर्ने मिल सञ्चालनमा छन् । ती विद्युतीय मिलमा कामदार भने दक्षअर्थात् तालिमप्राप्त छैनन् । यहाँका मिल व्यवसायीलाई कामदार पाउनसमेत समस्या हुने गरेको उनीहरुको गुनासो छ । कामदारले अनुभवका आधारमा काम गर्छन् । यसरी प्राविधिक ज्ञान नसिकेर काम गर्दा सुरक्षा जोखिम रहन्छ तर पनि यहाँका कामदारले तालिम पाउन सकेको देखिँदैन । विसं २०५३ सालदेखि टीकापुरको सत्तीमा प्रभा राइस मिल सञ्चालन गर्दै आएका वीरेन्द्र शाहले मिल व्यवसायीका समस्या धेरै रहेका बताए । 'मिस्त्री सबै तालिम प्राप्त छैनन्, काम गर्दागर्दै अनुभव बटुलेकालाई काममा लगाउनुपर्छ', उनले भने, 'यिनै मिस्त्री पाउन पनि समस्या रहेको छ । पछिल्ला केही वर्षयता गाउँगाउँमा मिलको सङ्ख्या धेरै भएकाले काम कम पाइने समस्या छ । काम कम पाइने, करिब छ वर्षदेखि दररेट वृद्धि नभएकाले मिल व्यवसायी घाटामा छौँ ।' मिल बिग्रिएमा पाटपुर्जा महँगो पाइने, मर्मतमा समेत खर्चिलो रहेको मिल व्यवसायीको गुनासो छ । मिल व्यवसायी शाह पालिकाले दररेट तोकिदिनुपर्ने, कामदारलाई तालिम दिनुपर्ने माग गरे । 'मिस्त्रीका दक्षता र सुरक्षाका लागि तालिम आवश्यक छ । हामीले माग गरिरहेका छौँ', उनले भने, 'अहिले मिल सञ्चालन गर्न कठिन छ ।जुन सञ्चालक आफैँले मिस्त्रीको काम गर्नुहुन्छ, उहाँको मिलमात्र अलि चलेको देखिन्छ, कामदार राखेर चलाउन निकै कठिन छ । आम्दानी खासै छैन ।' मिल व्यवसायी समिति टीकापुरका अध्यक्ष सुरत रावल न्यौपाने मिलमा काम गर्ने सबै कामदार तालिमप्राप्त नभई अनुभवका आधारमा काम गरिरहेका कार्यरत रहेका र मिल व्यवसायीका समस्यामा कतैबाट सहयोग नमिलेको बताउँछन् । 'हामी सङ्गठित भएका छौँ, सङ्गठित भएर पनि केही गर्न सकेका छैनौँ', उनले भने, 'पाँच जति ठूला मिल छन्, उनीहरुले यहाँ उत्पादित चामल, गहुँको पिठो कुटानी, पिसानी गरेर अन्यन्त्र निर्यात पनि गरिरहेका छन् । अन्य मिल गाउँका किसानलाई राहत दिनका लागि सञ्चालनमा छन् ।' अध्यक्ष रावल मिल सञ्चालनका क्रममा दुर्घटना भएमा सञ्चालक आफैँले बेहोर्नु परिरहेको बताउँछन् । 'यसअघि पनि मिलको पट्टामा बेरिने, चोटपटक लाग्नेजस्ता केही घटना भएका छन्', उनले भने, 'घटना भएमा मिल सञ्चालक आफैँले बेहोर्नुपर्ने समस्या छ ।' मिल व्यवसायीले सेलरमा धान कुटेको प्रतिक्विन्टल १५० रुपैयाँ, होलरमा प्रतिक्विन्टल १०० रुपैयाँ, तोरी पेलानीको प्रतिकिलो १० रुपैयाँ र पिसानीको प्रतिकिलो पाँच रुपैयाँ शुल्क लिने गरेका छन् ।

# मिटरब्याज उजुरीमा छानविन तथा मिलापत्र बढ्यो



**मधेशदृष्टि**
**वीरगंज ।**
गृहमन्त्रालयको निर्देशन अनुसार जिल्ला प्रहरी कार्यालय पर्सा मातहत आएका अनुचित लेनदेन (मिटरब्याज सम्बन्धी उजुरीहरुको छानविन तथा मिलापत्र गर्ने क्रम पर्सामा बढ्दै गएको छ । जिल्ला प्रशासन कार्यालय पर्साले गत माघ २४ गते अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी परेको उजुरीमध्ये ५ सय ७ वटा उजुरी फछ्र्योट गरि बाँकी १ हजार ३ सय ६६ उजुरीका फाइलहरू आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सालाई बुझाएको पर्साका सहयाक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले बताए । माघ २४ गतेदेखि हालसम्म पर्सा प्रहरीले ३८ वटा उजुरीमा दुवै पक्षबिच मिलापत्र गराएको र उजुरी पर्ने क्रम समेत जारी रहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक ध्रुव कुमार श्रेष्ठले बताए । प्रशासनबाट प्रहरीले अनुचित लेनदेन मिटरब्याज सम्बन्धी मुद्दाको जिम्म लिएसँगै झण्डै एक महिनाको अवधीमा ३ सय २५ वटा उजुरी थपिएको र त्यो प्रकृयामा पर्सा प्रहरीमा १ हजार ६ सय ५३ वटा उजुरी रहेको छ । ती मध्ये एक महिनाको अवधीमा ३८ वटा उजुरीमा दुवै पक्षबीच मिलापत्र भएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए । ती अवधीमा ४० वटा उजुरीमा छलफल भएकोमा ३८ वटा मिलापत्र भएको र २ वटा उजुरीमा अनुचित लेनदेन मुद्दा दर्ता गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताए । २ वटा उजुरीमा छानबिन गर्दा कपाली तमसुक बराबर कै रकम चाहिने अडानमा रहेका दुई जनालाई बारम्बार प्रमाण पुर्याउन भन्दा पनि प्रमाण नपुगेको खण्डमा उनीहरु माथि अनुचित लेनदेन मुद्दा दर्ता गरी आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जानकारी श्रेष्ठले दिए । कुल दर्ता भएका उजुरी जिल्लाभरिका १४ वटै स्थानीय तहबाट आएका छन् । विशेष गरी लेनदेन र जग्गाजमिनसम्बन्धी मिटरब्याज पीडितहरूको उजुरी बढी दर्ता भएका छन् । गृहमन्त्रालयले 'अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी उजुरी सङ्कलन तथा फछ्र्यौटका लागि कार्यसम्पादन कार्यविधि' जारी गरेको र जसमा जाँचबुझ आयोगले जिल्ला प्रशासन कार्यालयमा पठाएर विचाराधीन रहेको उजुरी जिल्ला प्रहरी कार्यालयमा पठाउन निर्देशन दिएपछि मिटरब्याजी सम्बन्धी उजुरीको छिनोफानो र निरुपण गर्ने जिम्मा प्रहरीको काँधमा गएको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बताए । प्रहरी र प्रशासनले गरी हालसम्म पर्सामा ५ सय ४५ वटा उजुरीमा सहमति भइ छिनोफानो भएको छ ।

# मुआब्जा विवादले सडक निर्माणमा ढिलाई



**मधेशदृष्टि**
**वीरगंज ।**
मुआब्जा विवादको कारण बाराको मटिअर्वा– कलैया–मनमत सडकखण्ड निर्माणमा ढिलाई भएको छ । मटिअर्वा–कलैया–मनमत सडकखण्ड अन्तर्गतको कलैया उपमहागनर पालिकामा पर्ने साढे ३ किलोमीटर सडक खण्डको ५२ जना जग्गाधनीले अझै मुआब्जा बुझेका छैनन् । भारतको सहयोगमा २ बर्ष अघि निर्माण भएको करिब २२ किमि लामो सडक खण्डमा कलैया उपमहानगरपालिकामा बरेवादेखि भवानीपुरसम्म करिब साढे ३ किमि सडक खण्ड मुआब्जा विवादको कारण निर्माण हुन नसकेको हो । भारतको सीमादेखि पूर्व–पश्चिम लोकमार्ग जोड्ने सडक खण्डमा जग्गा परेका जग्गा धनीहरुले मुआब्जा रकम थोरै भएको भन्दै मुद्दा दिएपछि ठेकेदार सप्तकोशी जलाधार÷ओमसाइ एण्ड कम्पनीले काम गर्न सकेको छैन । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगंजका सूचना अधिकृत सञ्जयकुमार ठाकुरले जग्गाधनीले मुआब्जा नबुझेकै कारण ठेकेदार कम्पनीले समयमा काम सम्पन्न गर्न नपाएको बताए । हाल ठेकेदार कम्पनी ठेक्काको म्याद थप प्रक्रियामा गएको र सम्पर्कमा पनि रहेकाले काम सुरु गर्न ठेकेदारको तर्फबाट कुनै समस्या नरहेको ठाकुरले बताए । तर ५२ जना जग्गाधनीले अझै मुआब्जा बुझ्न बाँकी रहेकाले ठेकेदार कम्पनीलाई काम सुरु गर्न समस्या भएको छ ।

# निकुञ्जको अवरोधले वीरगंज-ठोरी सडक निर्माण अधुरो

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन राष्ट्रिय निकुञ्जको अवरोधले हुलाकी सडक अन्तर्गत वीरगंज–ठोरी सडक खण्डमा अधुरो रहेको साढे ४ किलोमिटर सडक अझै निर्माण हुन सकेको छैन । हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय वीरगंजका इन्जिनियर एवम् सूचना अधिकृत सञ्जयकुमार ठाकुरले निकुञ्ज प्रशासनको हालसम्म जारी अवरोधले ठोरी गाउँपालिकामा अधुरो रहेको साढे ४ किमी हुलाकी सडक कालोपत्र हुन नसकेको बताए । सडक निर्माण गर्न अवरोध भएपछि २ वर्ष अघि सडक निर्माणको काम अधुरो छोडेर ठेकेदार कालिका÷बानियाँ जेभि कम्पनी फिर्ता गएको थियो । ठेकेदार कम्पनीले कागजी रुपमा समेत काम सम्पन्न गरी सकेको छ । ठोरीबासीहरु पनि लामो समयदेखि हुलाकी सडकको काम अवरुद्ध हुँदा आजित छन् । स्थानीय प्रकाश खनाल ठोरीबासीको लामो प्रतीक्षापछि वीरगंज–ठोरी हुलाकी सडकले मूर्त रुप लिएपनि यो सडकलाई पूर्णता नदिई अधुरो छोडिनु दुःखद रहेको बताए । पछिल्लो समय अधुरो रहेको हुलाकी सडकको एलाइन्मेन्ट नै परिवर्तन गरी मानव बस्तीको बीचबाट लग्ने प्रयास भई रहेको पनि आफूहरुले जानकारी पाएको खनाल बताए । अर्का स्थानीय रन्जित थापा अधुरो छोडिएको हुलाकी सडक खण्डमा ढेडु खोलाको पुल समेत निर्माण नहुँदा वर्षायाममा हुलाकी सडकमा आवागमन गर्ने समस्या हुने गरेको गुनासो गरे ।

# हिन्दू र मुस्लिमको आस्थाको केन्द्र मदारबाबा मेला सुरु



**रासस**
**नवलपरासी ।**
हिन्दू र मुस्लिम धर्मावलम्बीको आस्थाको केन्द्र मदारबाबा मेला बिहीबारदेखि सुरु भएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयीत्रिवेणी गाउँपालिका–६ स्थित दाउन्नेडाँडामा रहेको मदारबाबा मेलामा दर्शनार्थीको बाक्लो चहलपहल छ । हिन्दू र मुस्लिम धर्मावलम्बीले श्रद्धापूर्वक पूजाआजा गर्ने मदारबाबा मेलामा नेपाल र भारतका हजारौँ भक्तजन आएका छन् । मेला बिहीबारदेखि सुरु भए पनि गत सोमबारदेखि नै दर्शनार्थी र बजार राख्नेहरूको भीडभाड लागेको विनयीत्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए । पूर्वपश्चिम राजमार्गको बर्दघाटबाट २१ किलोमिटर पूर्वमा रहेको मदारथानमा हिन्दूको पर्व शिवरात्रि सुरु हुनुभन्दा एक हप्ता अघिदेखि ठूलो मेला लाग्ने गर्दछ । महाशिवरात्रिसम्म सञ्चालन हुने मेलामा नेपाल र भारतका गरी लाखौँ दर्शनार्थीको घुइँचो लाग्ने गर्दछ । मेला व्यवस्थित गर्न त्यस क्षेत्रमा सुरक्षाको राम्रो व्यवस्था गरिएको अध्यक्ष गिरीले बताए । 'मदारबाबा स्थान मुस्लिम समुदायको नेपालकै ठूलो र ऐतिहासिकस्थल हो । विशेषगरी मुस्लिम समुदायको धार्मिकस्थल भए पनि त्यहाँ हिन्दू, बौद्ध धर्मावलम्बीको पनि आगमन हुने गरेको छ', उनले भने, 'यो स्थानको प्रवेशद्वार नवलपरासी (बर्दघाट सुस्तापश्चिम) को सुस्ता गाउँपालिका–२ महलबारीमा र मुख्य समाधिस्थल भने नवलपरासी (बर्दघाट सुस्तापूर्व) को विनयीत्रिवेणी गाउँपालिका मदारीडाँडामा रहेको छ । मदारीडाँडामा पैदलयात्रामार्फत् पुग्न सकिन्छ ।' मेलामा महलबारी मस्जिदका मठाधीश अमिरुल्लाह अन्सारी नै परम्परादेखि मदारीडाँडाको गद्दीमा आसिन हुने परम्परालाई यस वर्ष पनि निरन्तरता दिइएको विनयीत्रिवेणी गाउँपालिका–६ का वडाध्यक्ष नुरेन शाहले बताए । 'यस वर्षको मेलामा करिब सात लाख भक्तजनले अवलोकन गर्ने अनुमान गरिएको छ', शाहले भने । मदारबाबाले थुप्रै मुलुकसहित नेपालको नवलपरासी र बुटवलस्थित फूलबारीपार्क क्षेत्रमा समेत तपस्या गरेको इतिहास पाइन्छ । यहाँ भाकल गर्नाले सन्तान नहुनेले सन्तान प्राप्त गर्छन् भन्ने जनविश्वाससमेत रहेको छ ।

# वैभव वीरगंजका लागि भाषा र संस्कृतिको विकास अपरिहार्यः सिंह



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वैभव वीरगंजका लागि भाषा र संस्कृतिको विकास अपरिहार्य रहेको बताएका छन् ।

साहित्यिक चौतारी नेपालले बिहीबारदेखि वीरगंजमा सुरु गरेको दुई दिने पाठ्यक्रम विमर्श तथा भाषा साहित्य प्रशिक्षण कार्यशाला गोष्ठीमा मेयर सिंहले भाषा, संस्कृति र संस्कारले वैभव वीरगंज बनाउन अपरिहार्य भूमिका खेल्ने बताए । सहित्य चौचारीको दसौँ वार्षिकोत्सवको अवसरमा वीरगंजको विर्तास्थित त्रिजुद्ध महाविर प्रसाद रघुविर राम माध्यमिक विद्यालयको सभाकक्षमा सुरु भएको कार्यक्रमको उद्घाटन गर्दै मेयर सिंहले महानगरको सर्वाङ्गिन विकासका लागि शिक्षा, स्वास्थ्य, पूर्वाधार जस्तै भाषा, साहित्य तथा संस्कृतिको पनि महत्वपूर्ण भूमिका रहेको बताए ।

उनले विद्यार्थीलाई भाषा र संस्कारसँगै संस्कृति पनि सिकाउनमा जोड दिए । साहित्यिक चौतारी नेपालका वरिष्ठ सल्लाहकार प्राध्यापक डा. देवी नेपालले भाषा तथा साहित्यको जगेर्नामा वीरगंज महानगरले गरिरहेको प्रयासको प्रसंशा गरे । भोजपुरी भाषाको बाहुल्यता रहेको यस क्षेत्रमा नेपाली भाषा तथा साहित्य पढाउन चुनौतीपूर्ण भएपनि महानगरको कारण सहज भएको उनको जिकिर थियो । कार्यक्रममा नारायणी वाङ्मय प्रतिष्ठानका अध्यक्ष डा. विश्वम्भर शर्मा, लक्ष्मी साहित्य समाज पर्साका अध्यक्ष महेशचन्द्र गौतम, आनन्द थामी लगायतले भाषा तथा साहित्यको संरक्षण तथा प्रवद्र्धनका बारेमा आफ्नो धारणा राखेका थिए ।


नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY
Insurance Regulatory Authority of Nepal
(नेपालको बीमा नियमनकारी निकाय)

बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरु

- ✓ प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्ने।
- ✓ बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधाबारे जानकारी लिएर मात्र बीमा गर्ने।
- ✓ बीमितले आफ्नो आवश्यकता पेशा, व्यवसाय एवं आम्दानीको स्रोत समेतलाई मध्यनजर गरी बीमा गरौ अन्यथा समयावधि पूरा नहुदै बीमालेखलाई निरन्तरता दिन नसकिने हुन सक्दछ।
- ✓ बीमालेख बीमा शुल्क बुझाउने, बीमालेख नवीकरण गर्ने समय, इच्छाएका व्यक्तिको नाम, बीमालेख बमोजीम दाबी रकम पाउने र नपाउने जस्ता विषयमा बीमालेख खरिद गर्नु अगाडि नै बुझ्नुपर्दछ।
- ✓ बीमितले बीमा शुल्क बुझाएपछि यसको आधिकारिक भर्पाइ वा रसिद लिनुपर्दछ।
- ✓ बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वंमले भर्नुपर्नेछ। बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न नसक्ने
- ✓ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नुपर्नेछ।
- ✓ बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीको बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नुपर्दछ।
- ✓ बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमै बिमालेख नवीकरण गर्नुपर्नेछ।
- ✓ बीमा सम्बन्धी नीति नियमहरू बारे जानकारी राख्नुपर्दछ।
- ✓ आफुले खरिद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नुपर्दछ।
- ✓ प्रविधिको विकाससँग विभिन्न बैंक तथा एसएमएस मार्फत घरमै बसी बीमा शुल्क बुझाउन सकिने भएको हुँदा सो सम्बन्धी यथेष्ट जानकारी लिएर मात्र बीमा गर्नुपर्दछ।
- ✓ बीमा गरिसकेपछि आफूले बीमा गरेको बारेमा परिवारका सदस्य तथा इच्छाइएको व्यक्तिलाई जानकारी गराउनुपर्दछ।

बीमा सम्बन्धी थप जानकारीको लागि
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर
फोन: ०१-५५३८७४३, ५५२१०७९
फ्याक्स : ०१-५५२०११९
Email: info@nib.govn.p
Website : www.nib.gov.np
टोल फ्रि नं. : १६६०-०१-५६७८९

नोट : बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि विमितलाई मर्का पर्ने गरि दायित्व निर्धौरण गरेमा बीमीतले त्यसको कारण समेत खोलि बीमा प्राधिकरणमा उजुरी गर्न सकिन्छ।



मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन